वर्ष : १६, अंक : ५०, काठमाडौं, २०७७ चैत २० गते शुक्रबार, 2 April 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## नयाँ सरकारको कसरत

# जसपाकै कारण हलो अड्किएको हो ?

**मधेशवाणी डेस्क**

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभामा आफूविरूद्ध आउनसक्ने अविश्वास प्रस्ताव वा विश्वासको मत लिन जनता समाजवादी पार्टी नेपालसँग सहकार्यको कसरत गरेका छन् । आफूविरूद्ध प्रतिनिधिसभाभित्र गठबन्धन हुने संकेत पाएपछि प्रधानमन्त्री ओलीले जसपाले अघि सारेका मुद्दा सम्बोधन गर्ने आश्वासनसहित सहकार्यका लागि प्रयास गरेका हुन् ।

प्रतिनिधिसभामा दलीय अंकगणितअनुसार नयाँ सरकार गठनका लागि नेपाली कांग्रेस, माओवादी केन्द्र र जसपा एक ठाउँमा आउनुपर्छ । यी तीन पार्टीबीच सहमतिको गृहकार्य भइरहे पनि प्रधानमन्त्री ओलीले जसपालाई विभिन्न आश्वासन दिएर निष्कर्षमा पुग्न दिएका छैनन् ।

ओलीले प्रतिनिधिसभाबाट वैकल्पिक सरकार गठन नहोस् भन्ने चाहनास्वरूप खेलेको खेल सफल भए मुलुक मध्यावधि निर्वाचनमा जानेछ । ओलीले आश्वासन दिए पनि जसपाले उठाएका माग सम्बोधन गर्न त्यति सजिलो छैन । जसपाका सबै माग पूरा गर्दा प्रधानमन्त्री विवादमा तानिने निश्चित छ । जसपाले राष्ट्रिय राजनीतिभन्दा पनि क्षेत्रीय राजनीति गरेर सत्तामा जान खोजिरहेको छ ।

मुलुकलाई निकास दिन जिम्मेवारी बहन गर्न तयार रहनुपर्ने यो पार्टी विभिन्न माग राखेर सत्ताको मोलमोलाइमा लाग्दा निकास निस्कन सकेको छैन ।



मधेशवाणीसँगको कुराकानीमा जसपा नेता लक्ष्मणलाल कर्णले प्रधानमन्त्री ओलीसँगको छलफल सकारात्मक भएको बताए । उनले कांग्रेस र माओवादी केन्द्रसँग पनि सकारात्मक छलफल भइरहेको बताए । तर जसपाका केही नेताको झुकाव प्रधानमन्त्री ओलीसँग छ भने जसपाभित्रै डा. बाबुराम भट्टराई र उपेन्द्र यादव समूह भने प्रधानमन्त्री ओलीसँग सहकार्य गर्न इच्छुक छैन ।

जसले गर्दा ओलीसँगको सहकार्यमा जसपा एकमत हुन सकेको छैन । असंवैधानिक कदम चालेर प्रतिनिधिसभा विघटन गर्ने प्रधानमन्त्री ओलीसँग सहकार्य हुनासाथ जसपा दुई टुक्रा हुने निश्चित छ । तत्कालीन समाजवादी फोरम र राजपा मिलेर एकीकरण भएको यो पार्टीको एउटा खेमाले प्रधानमन्त्री ओलीसँग सहमति गरे पूर्ववत् अवस्थामा फर्किन सक्ने अवस्था आउन सक्छ ।

तत्कालीन राजपा खेमा प्रधानमन्त्री ओलीसँग निकट देखिएको छ । प्रतिनिधिसभामा तत्कालीन राजपा खेमाका १७ सांसद छन् । एक सासद रेशम चौधरी निलम्बनमा छन् । उनी रिहा भए यो संख्या १८ पुग्नेछ । तत्कालीन समाजवादी फोरमका १७ सांसदमध्ये एक हरिनारायण रौनियार निलम्बनमा छन् । प्रतिनिधिसभामा बहुमतका लागि १ सय ३८ मत चाहिन्छ । एमालेका १ सय २१ सांसदमध्ये सानु सिवाको निधन भएपछि १२० जना छन् । एमालेले बहुमत पुऱ्याउन थप १८ सांसदको समर्थन चाहिन्छ । त्यो संख्या जसपालाई सरकारमा ल्याएर पुरा हुन सक्छ ।

जसपा र एमाले मिले सरकारलाई सुविधाजनक बहुमत हुन्छ । एमालेको माधवकुमार नेपाल पक्षले फ्लोरक्रस गरे वा जसपाका डा. बाबुराम भट्टराई र उपेन्द्र यादव समूहले असहयोग गरे पनि एमाले र जसपाको गठनबन्धनलाई बहुमत पुग्ने देखिन्छ । तर, माओवादी केन्द्रले समर्थन फिर्ता लिएको छैन । समर्थन फिर्ता लिएको एक महिनाभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था छ ।

प्रधानमन्त्री ओलीसँग जसपाले अहिले सरकारमा जाने कुरा गरेको छैन । उसले तीन/चारवटा माग राखेको मात्रै छ, ती माग सम्बोधन हुनासाथ ऊ सरकारमा जानछ । जसपाले राखेका मागहरू कानुनी, प्रशासनिक र राजनीतिक प्रकारका छन् । राजनीतिक प्रकारका मागमात्र सरकारले सम्बोधन गर्न सक्ने देखिन्छ । त्यो माग पुरा हुनासाथ जसपालाई सरकारमा जान बाटो खुल्छ ।

जसपाले उठाएका माग कसरी सम्बोधन गर्ने भन्ने विषयमा महान्यायाधिवक्ताको कार्यालयसँग छलफल भइरहेको छ । जसपाले रेशम चौधरीलगायत नेता-कार्यकर्ताको रिहाइ, संविधान संशोधन र लाल आयोगको प्रतिवेदन सार्वजनिक हुनुपर्ने विषयलाई एकसाथ सम्बोधन गर्नुपर्ने माग राखेको छ ।

प्रधानमन्त्री ओलीको रणनीति भनेको जसपालाई अरू दलसँग मिल्न नदिएर यथास्थितिमा अडाएर राख्ने हो । माओवादी केन्द्रले सरकारलाई दिएको समर्थन

बाँकी अन्तिम पृष्ठमा

## मुद्दामा एकै ठाउँमा हुने दलहरूबीच व्यवहारमा पनि एकरूपता हुनुपर्छ



: देव गुरुङ

अन्तर्वाता पृष्ठ ३ मा

## 'ओलीले माग सम्बोधन गर्नेमा विश्वस्त छौं'



जनकपुरधाम । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले प्रधानमन्त्री केपी शर्मा ओलीले आफूहरूको माग सम्बोधन गर्नेमा विश्वस्त रहेको बताएका छन् । प्रदेश २ को उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले गत शुक्रबार जनकपुरमा आयोजना गरेको होली मिलन समारोह कार्यक्रममा मधेशको मुद्दामा प्रधानमन्त्री ओलीसँग सकारात्मक कुरा भएको बताएका छन् । अध्यक्ष ठाकुरले कतिपय मुद्दाहरू जिल्ला अदालत, कतिपय उच्च र कतिपय सर्वोच्चमा रहेकाले यस विषयमा महान्यायाधिवक्ताको कार्यालयसँग राय मागिएको जानकारी दिए । प्रधानमन्त्री ओलीले आफूहरूको मागलाई गम्भीरतापूर्वक लिएर केही कार्यहरू अगाडि समेत बढाइसकेको ठाकुरले बताए । प्रधानमन्त्रीसँग पटक-पटक भएका वार्ता सकारात्मक रहेकोले आफूहरूको माग सम्बोधन हुनेमा विश्वस्त रहेको उनले बताए ।

## जसपा ओलीतन्त्रको घाँस खान्न : भट्टराई



काठमाडौं । जनता समाजवादी पार्टीका संघीय परिषद् अध्यक्ष बाबुराम भट्टराईले रेशम चौधरी लगायतका राजवन्दीको रिहाइलाई प्रधानमन्त्री केपी शर्मा ओलीको सरकारमा जाने कुरासंग नजोड्न आग्रह गरेका छन् । भट्टराईले जसपाले 'ओलीतन्त्रको घाँस नखाने' दाबी गरेका छन् । उनले सामाजिक सञ्जाल ट्वीटर मार्फत बिपीको रिहाइ माग गर्ने कांग्रेस राणातन्त्रमा सहभागी भएको थियो भनेर प्रश्न पनि गरेका छन् । उनी भन्छन्, 'रेशम चौधरी लगायतका राजवन्दीको रिहाइलाई प्रतिगमनकारी ओलीको सरकारमा जाने कुरासंग नजोडियोस्! के बन्दी बिपीको रिहाइ माग गर्ने कांग्रेस राणातन्त्रमा सहभागी भएको थियो ! के आफ्ना नेताकार्यकर्ताको रिहाइ माग गर्ने कांग्रेस वा कम्युनिष्ट पंचायत छिरेका थिए ? जसपाले ओलीतन्त्रको घाँस खान्न ! चेतना भया !

## जनमत पार्टीको अध्यक्ष पदमा राउत र महासचिवमा सिंहको उम्मेदवारी





काठमाडौं । जनमत पार्टीको प्रथम महाधिवेशनमा अध्यक्ष पदका लागि डा. सी.के. राउत र महासचिव पदका लागि चन्दन सिंहले आफ्नो एक्कल उम्मेदवारी दर्ता गरेका छन् । चैत २८ गते जनकपुरधामको बाह्रविघामा हुने जनमत पार्टीको प्रथम महाधिवेशमा अध्यक्ष पदका लागि राउत र महासचिव पदका लागि सिंहले आफ्नो एक्कल उम्मेदवारी दर्ता गराएका हुन् । राउतको अध्यक्षतामा यही चैत २८ गते जनमत पार्टीको प्रथम महाधिवेशन हुँदैछ । प्रथम महाधिवेशन भव्य रूपमा सम्पन्न गर्ने योजना रहेको पार्टीले जनाएको छ । यसैगरी पार्टीको विभिन्न पदका लागि विभिन्न स्थानबाट इक्च्छुक व्यक्तिहरूले उम्मेदवारी दर्ता गराएका छन् ।

उम्मेद्वारहरूको नामावली पृष्ठ ४ मा

## प्रदेश प्रमुख डा.अहिराजको पहिलो महिनाको तलब आविष्कार केन्द्र र जलनपीडित बालबालिकालाई

काठमाडौं । प्रदेश नं. २ प्रदेश प्रमुख डा.राजेश अहिराजले पदभार ग्रहण गरेपछि पहिलो महिनाको पारिश्रमिकको आधा रूपैयाँ महावीर पुनको राष्ट्रिय आविष्कार केन्द्रलाई हस्तान्तरण गरेका छन् ।

बुधबार डा. अहिराजले महावीर पुनको राष्ट्रिय आविष्कार केन्द्रमा पुगी आधा महिनाको तलब बराबरको रूपैयाँ सहयोग गरेका छन् ।

प्रदेश प्रमुख डा.अहिराजले राष्ट्रिय आविष्कार केन्द्रको भ्रमण निरीक्षण गर्नुका साथै छलफल समेत गरेका छन् । उनले महावीर पुनलाई प्रदेश २ मा पनि आविष्कार केन्द्रको स्थापनाका लागि प्रस्तावसमेत गरेको नेपाल सरकारका पूर्वसचिव भीम उपाध्यायले जानकारी दिएका छन् ।

उपाध्यायको पहलमा प्रदेश प्रमुख डा.अहिराजले सो सहयोग गरेका हुन् । आविष्कार केन्द्रका सञ्चालक पुनले प्रदेश २ मा पनि राष्ट्रिय आविष्कार केन्द्र स्थापना गर्न इच्छुक रहेको बताउँदै त्यसका लागि जग्गा र बजेटको आवश्यकता औंल्याए ।

नेपाल सरकारका पूर्वसचिव उपाध्यायका अनुसार प्रदेश प्रमुख डा.अहिराजले प्रदेश २ मा आविष्कार केन्द्र स्थापनार्थ हरेक सहयोग गराउने प्रतिबद्धतासमेत जाहेर गरेका थिए । जग्गा उपलब्ध गराउनेदेखि

बाँकी अन्तिम पृष्ठमा



## हुलाकी राजमार्ग हस्तान्तरण



काठमाडौं । नेपालका लागि भारतीय राजदूत विनयमोहन क्वात्रा र भौतिक पूर्वाधार तथा यातायातमन्त्री वसन्तकुमार नेम्वाङले भारत सरकारको आर्थिक सहयोगमा नेपालको तराई क्षेत्रमा निर्माण सम्पन्न भएका सडकहरू संयुक्तरूपमा बुधबार नेपालका जनतालाई समर्पित गरेका छन् । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव रविन्द्रनाथ श्रेष्ठ, उप–सचिव केशवकुमार शर्मा, सडक विभागका महानिर्देशक अर्जुनजंग थापा, हुलाकी राजमार्ग निर्देशनालयका परियोजना निर्देशक रोहितकुमार बिसुराल र भारतीय राजदूतावासका परियोजना प्रभागका प्रमुख प्रफुल्लचन्द्र शर्मा उक्त कार्यक्रममा उपस्थित थिए ।

नेपालको तराई क्षेत्रका सडक पूर्वाधारलाई स्तरोन्नत गर्ने सम्बन्धमा भारत र नेपालबीच भएको सहमतिअनुरूप नेपाल सरकारले दश अत्यन्त आवश्यक सडकको पहिचान गरेको हो जुन भारत सरकारको नेरू. ८०० करोड आर्थिक सहयोगमा निर्माण हुनेछन् । यी सडकहरूलाई हुलाकी राजमार्गको नामले पनि चिनिन्छ र यी सडकहरूले पूर्व–पश्चिम राजमार्गमा

बाँकी अन्तिम पृष्ठमा

# मुस्लिम छोरीलाई कक्षा ५ माथि पढ्नै मुश्किल

कैलालीमा मुस्लिम समुदायका छोरीहरूले ५ कक्षामाथि पढ्नै मुस्किल रहेको पाइएको छ । छोरी ठूली भएमा अभिभावकले विद्यालय पठाउन आनाकानी गर्दा छोरीहरूको शिक्षा आर्जनमा बाधा पुगेको छ ।

जानकी गाउँपालिका-५ पथरैयामा मुस्लिम समुदायको बसोबास छ । पथरैयामा मुस्लिम समुदाय विगत ८० वर्षदेखि बसिरहेका छन् । बस्तीकै बीचमा विसं २०४८ मा स्थापना भएको बाल विद्या मन्दिर आधारभूत विद्यालय छ तर त्यो बस्तीबाट मुस्लिम समुदायकी बालिका शकिना खातुन जागाले मात्रै कक्षा ७ उत्तीर्ण गरेकी छिन् । शकिनाको विवाह भइसकेको छ । आँगनकै विद्यालयमा कक्षा ८ सम्म पढाइ हुने भए पनि यहाँका मुस्लिम बालिका भने ५ कक्षाभन्दा माथि पार गर्न सकेका छैनन् । किशोरावस्था प्रवेश गरेकी छोरीलाई विद्यालय पोशाक लगाउन परिवारको स्वीकृतिको अभाव हुने तथा बालविवाह गरिदिने कारणले ५ कक्षासम्म पढेका छोरीहरूले शिक्षालाई निरन्तरता दिन नसकेको बताएका छन् ।

समुदायले छोरीका लागि शिक्षा अनिवार्य नठानेकै कारण छोरीहरूले आँगनमै भएको विद्यालयमा समेत पढाइ पूरा नगरेको स्थानीयवासीको भनाइ छ । सानै उमेरमा बालविवाह गरेकी कुरेसा खातुनले शिक्षा आर्जन गर्ने इच्छा भएर पनि पूरा गर्न पाइनन् । बालविवाह गरेकी कुरेसालाई हाल शारीरिक समस्या छ । 'मैले सानै उमेरमा विवाह गरेका कारण शारिरीक र मानसिक समस्या भोग्नुपऱ्यो', कुरेसाले भनिन्, 'मैलेजस्तै आफ्ना छोरीले पनि यस्तो समस्या भोग्न नपरोस् भनी सम्झाउने गरेकी छु । यहाँ गरिबीका कारण छोरी पढाउनुभन्दा छिट्टै विवाह गरिदिने चलन छ ।'

### आँगनकै विद्यालयमा कक्षा ८ सम्म पढाइ हुने भए पनि मुस्लिम बालिका भने ५ कक्षाभन्दा माथि पार गर्न सकेका छैनन् ।

घरायसी कामको बोझका कारण कक्षा ५ पढ्दापढ्दै विद्यालय छाडेकी जेहरा वालुम आजभोलि विद्यालय छाडेकामा पछुतो मानछिन् । उनलाई पढ्ने इच्छा हुँदाहुँदै पनि अभिभावकको विरूद्धमा जान सकिनन् । 'हाम्रो समाजमा छोरी ठूली भए विद्यालय पोशाक सर्ट, स्कट र पाइन्ट लगाउन अप्ठ्यारो मान्ने चलन छ । त्यसैले पनि छोरीलाई अलि ठूली भए घरकै काम सिकाउने गरिन्छ', जेहरा भनछिन्, 'हाम्रो चलनका कारण मजस्ता धेरै छोरीको शिक्षा पूरा हुन सक्दैन । चाहना भएका, पढाइमा अब्बल छोरी पनि घरमै थन्किन बाध्य छन् ।'

शिक्षक मोहम्मद नवी जागाले मुस्लिम समुदायका मान्यताका कारण छोरीको शिक्षामा बाधा पुगिरहेको बताए । 'छोरीले छोटा लुगा लगाउन हुँदैन, विद्यालयको पोशाक छोटो पहिरन हुन्छ, छोरीले त्यो पहिरन लगाउनका लागि अनुमति पाउँदैनन्', उनले भने, 'बन्द वातावरणमा राखिएका छोरीहरूसमेत खुल्न सकेका छैनन् । उनीहरू लजालु स्वभावका छन् । उनीहरू आफ्नै विवेक प्रयोग गरेर विद्यालयलाई निरन्तरता दिन सकिरहेका छैनन् ।'

सामाजिक अगुवा साहिदअली जागा अशिक्षा र अभिभावकको कमजोरीका कारण छोरीहरूले पढाइ छाड्ने गरेको बताए । 'शिक्षामा छोरीको पहुँच बढाउन र बालविवाह रोक्न अभिभावक जिम्मेवार बनेको देखिँदैन', उनले भने, 'निगरानी गर्न र अनिवार्य छोरी पढाउनुपर्छ भन्ने खालको नीति ल्याउन जरूरी छ । जसरी सरकारले बालविवाह गर्नेलाई कारवाही गर्ने कानून ल्याएको छ, त्यसैगरी छोरी नपढाउने अभिभावकलाई पनि कारवाही गर्ने कानूनी व्यवस्था हुनुपर्छ ।'

जानकी गाउँपालिकाका अध्यक्ष प्रदीपकुमार चौधरीले चलनका नाममा छोरीलाई शिक्षा आर्जन गर्नबाट वञ्चित गराइनु गलत भएको बताउँछन् । 'पहिरन र चलनका नाममा छोरीमाथि भइरहेको लैङ्गिक विभेदले बालविवाहलाई प्रश्रय दिएको छ' अध्यक्ष चौधरीले भने, 'हामी छोरीको शिक्षामा गम्भीर छौं, हामीले विद्यालय भर्ना कार्यक्रम, घरदैलो कार्यक्रमजस्ता काम गर्ने गरेका छौं । यसरी पढाइ छाडेका छोरीको शिक्षामा सघाउन पालिकाले विशेष कार्यक्रम ल्याउनेछ ।'

गाउँपालिका अध्यक्ष चौधरीले पालिकाले विद्यालयमा आकर्षण बढाउन समुदायको मागअनुसार पोशाक वितरण, पाठ्यपुस्तक वितरणलगायतका कार्यक्रम सञ्चालन गरेर पनि विद्यार्थीलाई प्रोत्साहन गरिरहेकाले अभिभावकलाई छोरीको शिक्षाप्रति जिम्मेवार बन्न आग्रह गरे ।

## सम्पादकीय

# अलमल कांग्रेस

सत्तारूढ दलको आन्तरिक कलहका कारण सरकार टिकाउन र सञ्चालन गर्न असमर्थ तथा असफल भएको अवस्थामा ‘वेटिङ्ग गर्भरमेन्ट’ (प्रतीक्षारत सरकार) मानिने प्रमुख प्रतिपक्षले सरकारको नेतृत्व लिएर संसद्को बाँकी अवधिभर सञ्चालन गर्न तत्परता देखाउनु अति सामान्य एवं सर्वस्वीकार्य कुरा हो। प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको वर्तमान सरकारले संसद्मा विश्वासको मत हासिल गर्न नसकेको, प्रमुख दलहरू ‘अर्ली इलेक्सन’ मा जान नचाही मौजुदा प्रतिनिधिसभाबाट एमाले इतरको सरकार गठन गरी प्रतिनिधिसभाको बाँकी समय पूरा हुन दिने सहमति काँग्रेस, माओवादी केन्द्र तथा जनता समाजवादी पार्टीबीच सहमति भएको अवस्थामा सरकार गठनमा काँग्रेसको भूमिका र सहभागिता अपरिहार्य नै हुन्छ।

भनिन्छ, राजनीतिमा वर्तमान हुँदैन, भूत र भविष्य मात्र हुन्छ। कांग्रेस सभापति शेरबहादुर देउवाका आलोचकहरू भन्छन्, ‘कम्युनिस्टहरूले आफ्नो महलमा लगाएको आगो टुलुटुलु हेरिरहनुमै कांग्रेसको गतिशीलता निहित छ। निष्क्रियता नै देउवाको रणनीतिक चातुर्य हो। केही नगर्नुमै कांग्रेसको बल लुकेको छ।’ तर कांग्रेसले के बुझ्केको छैन भने, कम्युनिस्टहरूको कलहले उसको सफलताको पूर्ण ग्यारेन्टी गर्दैन, अवसर मात्र प्रदान गर्छ। यसमा थुप्रै जोखिम र चुनौती पनि पनि छन्। एकातिर आफ्ना कार्यकर्तालाई सुरक्षित भविष्यको प्रत्याभूति दिने परिस्थिति निर्माणको

**कांग्रेससामु केही प्रस्ट चुनौती छन्। पहिलो, नेतापिच्छे बोली र व्यवहारमा देखिने अन्योल र द्विविधा। दोस्रो, संसद्को प्रभावकारिताका लागि गर्नुपर्ने सक्दो प्रयास।**

अपरिहार्यता देखिएको छ भने अर्कातिर पारम्परिक मतदाताहरूलाई ढुक्क पार्नुपर्ने र बहकिएका मतलाई फर्काउनुपर्ने छ। समयलाई चिन्न सक्ने क्षमताले नै राजनीतिकर्मीलाई नेता बनाउने गर्छ।

ओली नेतृत्वको सरकार नेकपाको एकल नीति र कार्यक्रमबाट सञ्चालित भए पनि सरकारले अपेक्षित सफल छवि कायम गर्न सकेन। शुरूमा सङ्घीय समाजवादी पार्टी सरकारमा सम्मिलित थियो तर नीति र कार्यक्रम तथा सञ्चालनमा उपेन्द्र यादवहरूको उपस्थितिको अनुभव कतै भएन। प्रधानमन्त्री ओलीका सपनाको त कुरै छाडौं, चार नेता अर्थात् तीन पूर्व प्रधानमन्त्री- झलनाथ खनाल, माधवकुमार नेपाल तथा पुष्पकमल दाहाल र वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीबीचको व्यक्तित्व टक्करमा सरकारका वार्षिक नीति तथा कार्यक्रमसमेत अधुरै रहे। प्रधानमन्त्रीले चाहेरै पनि मुलुकमा सुशासन र सदाचारको स्थिति निर्माण हुनसकेन। वस्तुगत विश्लेषण गर्दा पार्टीभित्रको चरम गुटबन्दी र गुटगत स्वार्थको तानातान तथा शीर्षनेताको असहयोगका कारण तुलनात्मक रूपमा प्रधानमन्त्री ओलीको तीनवर्षे कार्यकाल भद्रगोलको पर्याय नै रहेको प्रतीत हुन्छ। यस्तो बेथिति र भद्रगोलमा प्रधानमन्त्री भएर देउवाले गर्न सक्ने केही देखिँदैन।

काँग्रेस पनि अस्तव्यस्त र लथालिङ्ग अवस्थामा छ। घोषित मितिमा पार्टीको महाधिवेशन समेत सम्पन्न गर्न असमर्थ रहिआएको छ। आफ्नै घर सफा राख्न हम्मेहम्मे परिरहेको बेला कम्युनिष्ट पार्टीले गरेको फोहोर उसले सफा गर्ला भनेर पत्याउने सवालै आउँदैन।

कांग्रेससामु केही प्रस्ट चुनौती छन्। पहिलो, नेतापिच्छे बोली र व्यवहारमा देखिने अन्योल र द्विविधा। दोस्रो, संसद्को प्रभावकारिताका लागि गर्नुपर्ने सक्दो प्रयास। संसद् पुनःस्थापनाको नयाँ आयामलाई प्रस्ट रूपमा आत्मसात् गर्नका लागि आत्मविश्वासका साथ कांग्रेस परिचालन गर्न सक्ने नेतृत्वको खाँचो छ। कथंकदाचित् ताजा मतादेशका लागि छिट्टै चुनावमा जाने घोषणा गर्नुपर्ने परिस्थिति उत्पन्न भयो भने लोकतान्त्रिक पार्टीको हैसियतले निर्वाचनको माहोल बनाउन तत्पर हुनुपर्छ। निकट इतिहासको सम्मानपूर्वक मूल्यांकन नगरी कांग्रेसले न आफ्नो नेतृत्वमा ल्याएको भनेर दाबी गर्ने संविधान जोगाउन सक्छ, न त संघीय गणतन्त्रमा पर्ने प्रहारहरूको सामना गर्न सक्छ। कांग्रेसको मौलिक सामर्थ्य भनेको उसको मध्यमार्गी धार हो, यसबाटै उसले राष्ट्रियता बचाउनका लागि डटेर मुकाबिला गर्न सक्छ।

# ढोका बन्द गरेर सरकारमा आऊ भन्ने ?

**यस्तो अवस्थामा अहिले ओलीजी प्रधानमन्त्री हुनुहुन्छ, हामी कहाँ जाने, कसलाई हामी आफ्नो व्यथा सुनाउने ? चाहे विकास निर्माणको कुरा होस्, चाहे राजनीतिक राजबन्दीहरूको कुरा होस्, चाहे नागरिकता र संविधान संशोधनको कुरा होस्। हामी यी कुराहरूका लागि प्रधानमन्त्री ओलीसँग भेटघाटका लागि गइरहेका छौं।**



**महन्थ ठाकुर**

पत्रकारहरू स्वतन्त्र चिन्तक भएकाले समाजलाई निकै हदसम्म प्रभावित गर्ने गर्छन्। पत्रकारहरूले आफ्नो कलमबाट जनतालाई सूचित गराउने, सचेत गराउने काम गरिरहेका हुन्छन्। यो काम धेरै कठिन छ। विचार मन पराउनेले प्रशंसा गर्छ भने जसलाई घोच्छ उसले आक्रमण पनि गर्छन्। यस्तो कठिनाई उठाएर पनि जनताको सेवा गरिरहेका हुन्छन्। त्यसका लागि पत्रकारहरू धन्यवादको पात्र हुन्।

हामी स्वतन्त्रता, लोकतन्त्र, समानताका लागि संघर्ष गर्दै आएका हौं। तर के मधेशमा पनि लोकतन्त्र छ ? मधेशी र थारूहरूलाई पनि लोकतन्त्रको अनुभूति छ त ? यदि छन् भने तिनीहरू किन जेलमा छन् त ? तिनीहरूले सरकारको माग गरेका होइनन्, हामीले सरकारको माग गरेका होइनौं। अधिकारको पो माग गरेका हौं। किनकि जब वर्तमान संविधानको ड्राफ्ट सार्वजनिक गरिएको थियो, त्यतिबेला हाम्रो आन्दोलनको एजेन्डा थियो, त्यसअनुसार त्यो ड्राफ्ट आएको थिएन। त्यसमा हाम्रो चित्त बुझेको थिएन र हामी विरोधमा थियौं। सबै संविधानको एउटा आधारभूत सिद्धान्त हुन्छ। संविधानको आधारभूत सिद्धान्त थियो संघर्षरत पक्षहरूको सहमतिमा अन्तरिम संविधान बनेको थियो। राजनीतिक सहमतिले संविधानसभाले संविधान बनाउने हो तर त्यो भएन। संविधानसभामा राज्य शक्तिको बाँडफाँड जुन समिति थियो त्यसको प्रतिवेदनको पनि उल्लंघन भयो।

संविधानसभाको राज्य पुनर्संरचना समिति र राज्य पुनर्संरचना आयोगले १४ राज्यको प्रतिवेदन दिएको थियो। त्यसमा उसले पहिचानको आधारमा विगतदेखि जुन विभेद भइरहेको छ, त्यसलाई हटाउनका लागि संघ बनाउने संकल्प गरेको थियो। निरंकुशतालाई समाप्त पार्ने र त्यसपछि पहिचानको आधारमा प्रदेशहरूको निर्माण गर्ने भनेर संकल्प त्यसबेला थियो। त्यो आन्दोलन राज्यको पुनर्संरचना भनेर एजेन्डा ल्याएको थियो। त्यस्तै विशेषज्ञहरूले पनि एउटा प्रतिवेदन दिएका थिए जसमा १० राज्यको सुझाव दिएको थियो। तर त्यसको पनि उल्लंघन भयो। अन्तरिम संविधानमासमेत संशोधन गरेर राखिएको थियो कि मधेश एक स्वायत्त प्रदेश बन्नेछ र अन्य जातजातिको पनि स्वायत्त प्रदेश हुनेछ। ती स्वायत्त प्रदेशहरू अधिकार सम्पन्न हुनेछ। राज्यका सबै निकाय र अंगमा बहिर्गमनमा परेका पीडितहरूलाई जनसंख्याको आधारमा समानुपातिक समावेशी गराइनेछ। तर त्यो पनि भएको छैन।

त्यसै कारण संविधानसम्बन्धी संशोधनको जुन कुरा हो त्यो हाम्रो कुरा मात्रै होइन। सबै पीडितहरूको कुरा हो। किनकि अहिले पनि उनीहरू उपेक्षित छन्। नागरिकताको सवालमा जहिले पनि मधेशतर्फ औंला उठाइन्छ। तर, त्यो मधेशको मात्रै समस्या होइन। जन्मसिद्ध नागरिकका सन्तान किन वंशजको नाताले नागरिकता पाइरहेका छैनन् ? म भर्खर आफ्नो निर्वाचन क्षेत्र जलेश्वर गएको थिएँ। त्यहाँको सिडियोसँग भेटघाट भएको थियो। उहाँले नै भन्नुभयो कि धेरै युवाहरू नागरिकताका लागि आउँछन्, तपाइँहरूले नै माथि गएर केही गर्नुस्। किनकि यिनीहरूको शिक्षा प्रभावित छ, रोजगारीका लागि जान पाइरहेका छैनन्। राज्यविहीन भएकोले राज्यबाट पाउने कुनै पनि सुविधा पाउँदैन। त्यसकारणले नागरिकताको समस्या मात्र मधेशको समस्या होइन, देशको समस्या हो।

त्यस्तै, भाषा र संस्कृतिको समस्या छ। हामी भन्छौं कि बहुभाषिक, बहुजातीय, बहुसांस्कृतिक हुनुपर्छ। तर शासन र प्रशासनमा त्यो रूप छ त ? त्यो विविधता देखिन्छ त ? म धन्यवाद दिन चाहन्छु प्रधानमन्त्रीजीलाई। आज कुरा उठिरहेको छ कि प्रधानमन्त्रीसँग जसपाको लगनगाँठो भएको छ। तर जुन दिनदेखि केपी ओलीजी प्रधानमन्त्री हुनुभएको छ, त्यसै दिनदेखि सरकारमा आउनुस् भन्दै आउनुभएको छ। त्यो आजको कुनै नौलो कुरा होइन। हाम्रो जवाफ सुरूदेखि नै त्यही छ कि हाम्रो जुन मुद्दा, समस्या ती कुराहरूतिर ध्यान दिनुस्। किनकि ती हामीहरूको मात्रै समस्या होइन, समग्र देशको समस्या छ।

प्रधानमन्त्रीले सरकार बनाएको बेलादेखि नै सरकारमा आउन भनिराख्नु भएको छ तर मैले प्रस्ट भनेको छु हाम्रो हात-खुट्टा बाँधिएको छ, ढोका बन्द छ कसरी सरकारमा जाने ? पहिला यसलाई फुकुवा गर्नुस् त्यसपछि हामी विचार गर्छौं। पहिला हाम्रो साथीहरूलाई जेलबाट निकाल्नुस्, मुद्दा फिर्ता गर्नुस्, अङ्गभङ्ग भएकोलाई भरणपोषण गर्ने कार्य गर्नुस् र संविधान संशोधनका लागि ठोस कार्य अगाडी बढाउनुस् भनेको हुँ। यी सबै विषयमा हाम्रो कुराकानी भइरहेको छ। सकारात्मकरूपमा प्रक्रियाहरू अगाडि बढेको मैले जानकारी पाएको छु। त्यसै कारण प्रधानमन्त्रीजीलाई बहुत-बहुत धन्यवाद छ।

जन्मसिद्ध नागरिकताधारीको सन्तानले वंशजको आधारमा नागरिकता किन पाइराखेको छैन ? के यो मधेशको मात्रै समस्या हो ? होइन समग्र देशको समस्या हो। यसको समाधान तत्काल हुनु पर्छ भनेको हुँ। प्रधानमन्त्रीजीले सक्दो सबै गर्छु भन्नु भएको छ एवं कार्यहरू प्रगति तर्फ बढेकोमा उहाँलाई धन्यवाद पनि दिन्छु। कांग्रेसले तीन दल मिलेर राजनीतिको निकास दिउ भन्दै आएको छ। तर कसरी भनेर उपाय बताएको छैन। किनकि सबै नेताजीहरूसँग मैले भेटघाट गरिसकेको छु। सबैको विचार बुझिसकेको छु। पटक-पटक हाम्रो भेटघाट भएको छ। उहाँहरूले हामीसँग आउनुस्, हामी यो गरौंला। अहिले नै गर्छु भन्ने उहाँहरूको भनाइ कहिल्यै पनि थिएन। जति पनि पहिला प्रधानमन्त्री भए सबैसँग कम्तीमा तीनबुँदे सम्झौता हाम्रो भएको थियो। उहाँहरूको लिखित सम्झौताले अहिलेसम्म काम गरिरहेको छैन, तपाइँमाथि विश्वास छ गरेर देखाइदिनुस्। हामी त विरोधमा छैनौं, समर्थन नै गर्नेछौं।



अहिलेसम्म प्रधानमन्त्री ओलीजीसँग कुनै पनि सम्झौता भएको छैन। उहाँ आश्वासन दिनुभएको छ, कामकारबाही अगाडि बढाउनुभएको छ। स्वाभाविकरूपले उहाँसँग हाम्रो भेटघाट निरन्तर भइरहेको छ। अन्य नेताहरूसँग पनि भेटघाट भई नै रहेको छ। शेरबहादुरजी भन्नुहुन्छ कि कांग्रेसले अविश्वासको प्रस्ताव ल्याउँदैन, न त सरकार बनाउँछ। एक जना नेता भन्नुहुन्छ कि म अविश्वासको प्रस्ताव पेस गर्छु, आउनुस् सबै मिलेर जाऔं। ठूला दलहरू नै आपसमा मिल्न सकेका छैनन्। त्यो हाम्रो विग्रह होइन्। हाम्रो कसैसँग दुश्मनी छैन। उहाँहरूको आपसमा नै मेल छैन।

त्यसैकारण नेपालको राजनीतिमा अहिले स्थिरता छैन। राजनीतिक क्षेत्र समस्याग्रस्त भएकोले देश अन्यौलमा छ कता जाने हो ? के हुने हो ? भन्ने स्थिति छ। संसद चलेको छ तर शोक प्रस्ताव बाहेक केही हुदैन। विधेयकहरू आउँदैन, आयो भने पनि पास नहुने हो कि भन्ने डर छ। देश अस्थिरतातर्फ गएको छ, कोरोनाले शिक्षा, स्वास्थ्य, आर्थिक क्षेत्र तहसनहस भएको छ। बेरोजगारी बढेको छ। वैदेशिक रोजगारको अवसर गुमेको छ। तसर्थ यस्तो बेला हामी गम्भीर हुन जरूरी छ। सबै क्षेत्र प्रभावित भएका छन्। संसद पुनर्स्थापित भएर पनि काम भइरहेको छैन। यस्तो अवस्थामा हामी कता जाने हो ?

यो कोरोनाको बेलामा पनि पार्टीहरूबीच जुन एउटा अविश्वासको वातावरण छ। कसलाई विश्वास गर्ने ? भन्नेबारे अहिले चलिरहेको छ। प्रदेश सरकारहरूको पनि त्यही हालत छ। प्रदेशहरूको जुन स्थापना भएको छ, एउटा राजनीतिक नक्सा देखिन्छ तर उनीहरू पनि अधिकारविहीन छन्। सारा कर्मचारी र अधिकृतहरू केन्द्रबाट जान्छन्, प्रदेशहरूको आफ्नो केही छैन। निरीह अवस्थामा प्रदेशहरू देखा परेका छन्। झन् यो कोरोनाले कलह ल्याएको छ। अहिले राजनीतिक अस्थिरताको दौडले जे थोरबहुत कामहरू भइरहेका थिए त्यो पनि हुन सकिरहेको छैन।

यस्तो अवस्थामा अहिले ओलीजी प्रधानमन्त्री हुनुहुन्छ, हामी कहाँ जाने, कसलाई हामी आफ्नो व्यथा सुनाउने ? चाहे विकास निर्माणको कुरा होस्, चाहे राजनीतिक राजबन्दीहरूको कुरा होस्, चाहे नागरिकता र संविधान संशोधनको कुरा होस्। हामी यी कुराहरूका लागि प्रधानमन्त्री ओलीसँग भेटघाटका लागि गइरहेका छौं। उहाँलाई हामीले भनेका छौं कि हामीसँग कुनै किसिमको लिखित चेक नगराउनुस्। हामी प्रधानमन्त्रीको विरूद्धमा जाँदैनौं। त्यहीं कुरा हामीले सबै भनेका छौं। कांग्रेसका नेताहरूले सहकार्यको कुरा गर्नुभयो। हामीले भन्यौं कि लोकतन्त्रका लागि हामीले साथसाथै संघर्ष गरेकै हौं। तर हाम्रो आफ्ना मुद्दाहरू छन्। तपाइँ सबैले भन्नुहुन्छ कि आउनुस्, आउनुस्, गरौंला। तर गर्नुहुन्न। गर्नुभएको छैन।

कम्तीमा अहिलेको प्रधानमन्त्रीजीले भन्नुभएको छ कि जति गर्न सक्छु, त्यति गर्छु। उहाँले प्रक्रियालाई अगाडि बढाउनु भएको छ। त्यसैकारण उहाँलाई धन्यवाद छ।

*(रिपोर्टर्स क्लब नेपालको वार्षिकोत्सव समारोहमा जनता समाजवादी पार्टी नेपालका अध्यक्ष ठाकुरले गर्नुभएको सम्बोधनको सम्पादित अंश)*

# मुद्दामा एकै ठाउँमा हुने दलहरूबीच व्यवहारमा पनि एकरूपता हुनुपर्छ



देवप्रसाद गुरूङ

प्रमुख सचेतक, नेकपा (माओवादी केन्द्र)

**० तपाईंले चैत २३ गतेभित्र प्रधानमन्त्री केपी शर्मा ओलीले विश्वासको मत लिनुपर्ने भन्नुभएको छ । प्रधानमन्त्रीले विश्वासको मत किन लिने ?**

– मैले संवैधानिक व्यवस्थाको बारेमा कुरा गरेको हुँ । संविधानको धारा ११ (२) मा प्रधानमन्त्रीले नेतृत्व गरेको पार्टी विभाजन भएको खण्डमा ३० दिनभित्र विश्वासको मत लिनुपर्ने हुन्छ । वा प्रधानमन्त्रीलाई समर्थन गरिरहेको कुनै दल समर्थन फिर्ता लियो भने पनि विश्वासको मत लिनुपर्छ । सर्वोच्च अदालतले फागुन २३ गते सत्तारूढ दल नेकपालाई विभाजन गरिदियो । अर्थात् प्रधानमन्त्रीले नेतृत्व गरिरहेको पार्टीलाई विभाजन गरिदियो । त्यसो भइसकेपछि स्वतः धारा ११ को उपधारा २ आकर्षित भएको देखिन्छ । विधिको व्यवस्था त्यस्तो छ । यो विधिको पालना गर्ने कि नगर्ने प्रमुख कुरा हो । पुस ५ गते प्रधानमन्त्रीले संसद विघटन गर्नुभयो, जुन अधिकार संविधानले कहीं पनि दिएको देखिँदैन । फागुन ११ गते सर्वोच्च अदालतले संसद मात्र पुनर्स्थापना गऱ्यो, काम चलाउ अवस्थामा गएको सरकारलाई पुनर्स्थापना त गरेको छैन । सरकारको वैधानिकता पुस ५ गते नै गइसक्यो त । त्यसो भएको हुनाले विधिको हिसावले यो सरकार पहिले नै काम चलाउको अवस्थामा गइसकेको छ, उहाँले अझै पनि स्वीकार गर्नुभएको छैन । अर्को कुरा, सर्वोच्च अदालतको फागुन २३ गतेको फैसलाले पनि सत्तारूढ दल नै विभाजन गरिदियो । त्यसले स्वतः ३० दिनभित्र विश्वासको मत लिनुपर्ने देखिन्छ । त्यो अवस्थामा यो सरकारले विधिको शासनलाई मानेको छैन ।

**० तर सर्वोच्च अदालतले त दल विभाजनभन्दा पनि दुई दल एमाले र माओवादी केन्द्रलाई पूर्ववत् अवस्थामा फर्कायो । सरकार निर्माणका बेला त एमालेको सरकारलाई माओवादी केन्द्रले समर्थन गरेको अवस्थामा पुऱ्याएको छ नि ?**

– पूर्वअवस्थामा फर्काउनु र विभाजन गर्नु भन्ने कुरा एउटै हो । विभाजन गरेपछि त पूर्वअवस्थामा फर्काइयो । पूर्वअवस्थामा फर्केको भन्नुको तात्पर्य संविधानको धारा ७६ (२) अनुसारको सरकार गठन भयो । २०७४ सालमा एमालेको सरकार बन्दा माओवादी केन्द्रले समर्थन गरेको अवस्था हो । पुस ५ गते संसद विघटन गर्दा सरकार संविधानको धारा ७६ उपधारा १ को हो कि २ को हो भन्ने विवाद पैदा भयो । २०७५ साल जेठ ३ गते पार्टी एकता भयो । निर्वाचन आयोगमा नेकपा दर्ता भयो, नेकपाको सरकार गठन भएको हो भन्ने छ । त्यसलाई निर्वाचन आयोग, संसद सबैले स्वीकार गऱ्यो । त्यति मात्र होइन, फागुन ११ गते सर्वोच्चले संसद विघटनविरूद्धको फैसलामा पनि सुरूमा ७६ (२) को सरकार गठन भएपनि पछि ७६ (१) को सरकारमा परिणत भएको छ भनेको छ । ७६ (१) को सरकार भइसक्यो भनेर सर्वोच्चको पूर्ण इजलासले फैसला गऱ्यो । तर पछि त्यसलाई नेकपा विभाजन गरेर ७६ (२) को सरकार बनाइदियो । भनेपछि अब संविधानको धारा ११ (२) आकर्षित भयो । दल विभाजन र विश्वासको मत लिने कुरा आकर्षित गरायो । त्यसकारणले यसबारे स्पष्ट हुन जरूरी छ । तर सरकार त्यो दिशातिर लागेको छैन ।

**० अहिलेको अवस्थामा पनि त माओवादी केन्द्रले एमालेको सरकारबाट समर्थन फिर्ता लिएको छैन नि ?**

– हामीले पुस ५ गतेदेखि नै विरोध गर्दै आएका छौं । संविधानविपरीत खालको कदम चालिसकेपछि यो सरकार असंवैधानिक भयो, काम चलाउको अवस्था परिणत भइसकेको छ भनेर त्यही बेलादेखि भन्दै आएका छौं ।

**० त्यसो हो भने तपाईंहरूले अविश्वास प्रस्ताव किन लग्न सक्नुभएको छैन त ?**

– संविधानमा भएको प्रत्यक्ष व्यवस्थालाई त यो सरकारले पालना गरिरहेको छैन भने सदनबाट अन्य दलहरूले गर्ने अभ्यासहरू तपशीलका कुरा परे । पहिलो कुरा त संविधानको ठाडोरूपमा उल्लेख भएको कुराहरू पालना गरेको छैन । प्रधानमन्त्रीको असंवैधानिक कदम सर्वोच्च अदालतले खारेज गरिसकेपछि स्वतः राजीनामा दिनुपर्ने हो । तर अझै पनि पुस ५ को निर्णय ठिक थियो, फेरि पनि भंग गर्छु भन्नु अनुपयुक्त हो । संविधानले परिकल्पना नै नगरेको मध्यावधिको चुनावको कुरा गर्नुहुन्छ प्रधानमन्त्रीले ।

**० प्रधानमन्त्रीको पुस ५ को कदमका विरूद्ध सबै दलहरू आन्दोलित थिए, त्यो कदमलाई सर्वोच्चले उल्टायो तर सबै दलबीच अहिले सहकार्य हुने अवस्था किन बनिरहेको छैन ?**

– पुस ५ गतेको प्रधानमन्त्रीको कदम असंवैधानिक, प्रतिगमनकारी हो भन्ने कुरामा निश्चय पनि सबैको समान धारणा देखिन्छ । तर प्रतिगमनकारी कदमको विरूद्धमा आआफ्नो ढंगले संघर्ष भयो । यो दलहरूको आफ्नो स्वतन्त्रताको कुरा हो । त्यस्तै गरी सदनबाट असंवैधानिक कदमलाई रोक्नका लागि चालिने कदमहरूको बारेमा हामी एकरूपतामा जान सक्छौं कि सक्दैनौं भन्ने कुरा चुनौतीको विषय छ । हाम्रो आग्रह हो कि एकरूपतामा जानुपर्छ । तर दलहरूमा आफ्नो दलीय स्वतन्त्रता त छ । दलहरूले आआफ्नो स्वविवेकले निर्णय गर्ने अधिकार छ । अहिलेको आवश्यकताको हिसावले यो मुद्दामा एकै ठाउँमा हुनेहरूको बीचमा व्यवहारमा पनि एकरूपताका लागि पहल गर्नुपर्ने हो । माओवादी केन्द्रको हकमा जे भनिएको छ त्यहीअनुसार व्यवहारमा जानुपर्छ । नैतिक इमान्दारिताको प्रश्न नै मुख्य मापदण्डको विषय हुन्छ । यो कुरालाई हामीले दृढतापूर्वक पालना गर्नुपर्ने कुरामा माओवादी केन्द्र दृढ छ ।

**० वैकल्पिक सरकारको नेतृत्व कसले गर्ने भन्ने विषयमा कांग्रेस, माओवादी केन्द्र र जसपाबीच सहमति जुट्न नसकेको हो कि ?**

– नेतृत्वको बारेमा त आपसी छलफल र सहमतिको आधारमा तयार गर्ने विषय हो । हामीले नेतृत्वको बारेमा कुनै रिजर्भेसन राखेका छैनौं । हामी खुल्लारूपमा सोचेका छौं । किनभने संविधान, संघीय लोकतान्त्रिक गणतन्त्र बचाउने मूल कुरा हो । त्यसको रक्षा गर्ने अभिभाराको नेतृत्व जो कसैले गर्दा पनि हुन्छ । मूलरूपमा यो कुरामा मिल्नुपऱ्यो । मुद्दा मिल्नेहरूले जो कोहीले सरकारको नेतृत्व गर्न सक्छ भनिरहेका छौं । त्यसकारणले नेतृत्वको बारेमा छिनाझपटी, दावी, विरोध केही पनि गरिरहेका छैनौं । नेतृत्वको प्रश्नको बारेमा माओवादी केन्द्रप्रति प्रश्न उठाउनुपर्ने देखिँदैन ।

**० नेकपाको फैसलाबारे माओवादी केन्द्र किन पुनरावलोकन चाहेको छ त ?**

– पुनरावलोकनको विषय त्यतिमा मात्रै सीमित छैन । नेपालको संविधानले दल गठन, विघटन, पुनर्गठन गर्ने, विचार मिल्नेहरूको बीचमा दल बनाउने लगायत सबै प्रकारका अधिकारहरू दललाई प्रदान गरेको छ । राज्यको तर्फबाट निर्वाचन आयोगले त्यसको नियमन गर्ने मात्रै अधिकार दिएको छ । निर्वाचन आयोगले दल विभाजन गर्न सक्दैन, विघटन पनि गर्न सक्दैन, जुटाउन पनि सक्दैन । अस्तित्वको बारेमा निर्वाचन आयोगले पनि केही गर्न सक्दैन । अदालतले निर्वाचन आयोगले प्रयोग गर्ने क्षेत्राधिकारको सन्दर्भमा उसले गरेका कामकारबाही कति ठिक भए वा भएन भन्ने कुरा नियमनकारीको सन्दर्भमा पुनरावलोकन गर्ने मात्रै हो । त्यसकारणले पुनरावलोकनको क्रममा नामको विषयमा मुद्दा पऱ्यो । नाम मिलेको रहेछ भने अर्को नाम लिएर आउनुस् भन्ने हो । कसैले माग दाबी नै नगरेको एकता वा विभाजन प्रक्रियामा अदालतले एकता भंग गरिदियो । त्यसकारणले अस्तित्वमाथि सर्वोच्च अदालतले जुन धावा बोल्यो, त्यसले पार्टी गठनसम्बन्धी सार्वभौम अधिकार खोसियो नि । त्यो खोसिने क्रममा आज माओवादी केन्द्र र नेकपा पऱ्यो । यही नजिर रहिरह्ने हो भने त कुनै पनि पार्टी सुरक्षित रहँदैन । त्यसो हो भने बहुदलीय प्रणाली सिद्धियो । त्यो अधिकार पुनर्बहालीका लागि पहल गर्ने कि नगर्ने ? पार्टी जुट्छ कि जुट्दैन मुख्य विषय होइन । त्यसैले यही कुराको पुनरावलोकन गर्नुपर्छ ।

**० माओवादी केन्द्रका मन्त्रीहरू अहिले पनि ओलीको सरकारमा छन्, फिर्ता नआउने भनिसकेका छन् । माओवादी केन्द्रले किन कारबाही गर्न सकेको छैन ?**

– त्यो त राजनीतिक दलसम्बन्धी ऐनले जुन व्यवस्था गरेको छ, त्यही हुन्छ । यसमा कुनै कन्फ्युजनको विषय नै छैन । कहिले गर्ने भन्ने कुरा त पार्टीको विषय हो । जहिले पनि हुन सक्छ ।

**० प्रदेशहरूमा पनि एमाले र माओवादी केन्द्रकै संयुक्त सरकार छ, प्रदेशहरूमा के हुने होला ?**

– त्यो पनि पार्टीकै निर्णय र विचारअनुसार हुन्छ । विचारको हिसावले अहिले दुईटा विचार देखिएको छ । एउटा विचार संघीय लोकतान्त्रिक गणतन्त्रको पक्षमा देखिएको छ । अर्को विचार संघीय लोकतान्त्रिक गणतन्त्रको विपक्षमा देखिएको छ । त्यसकारणले अग्रगमन र प्रतिगमन दुईटा विचार देखा परेका छन् । यो दुईटा विचारको सन्दर्भमा जहिले पनि हामी अग्रगमनको पक्षमा रहन्छौं । जो-जो अग्रगमनको पक्षमा रहन्छन्, उनीहरूसँग सहकार्य हुँदै जान्छ ।

# ‘म उम्मेदवार छु तर मलाई भोट नदिनुस्’



बीपी साह

केन्द्रीय सदस्य (खुल्ला)का स्वतन्त्र उम्मेदवार
नेपाल पत्रकार महासंघ

नेपाल पत्रकार महासंघको आसन्न २६ औं महाधिवेशनमा केन्द्रमा ५२ पदका लागि १ सय ६५ जनाले उम्मेदवारी दिएका छन् । खुल्ला प्रतिस्पर्धामा कुनै पनि संगठन वा समूहले मधेशी-आदिवासी जनजाति वा सीमान्तकृत समुदायका पत्रकारलाई समेटेका छैनन् । १ सय ६५ उम्मेदवारमध्ये बीपी साह एक मात्र त्यस समूहलाई प्रतिनिधित्व गर्ने उम्मेदवार हुन् जसले खुल्ला उम्मेदावरी दिएका छन् । पत्रकार साह खुल्ला केन्द्रीय सदस्यका लागि देशैभरिबाट मत माग्दैछन् । महासंघलाई समावेशी बनाउने कि असमावेशी निर्णयको जिम्मा देशैभरका १३ हजार १ सय १८ महासंघका सदस्यहरूको हातमा रहेको बताउँछन् पत्रकार साह । विगत १३ वर्षदेखि पत्रकारितामा सक्रिय रहेका साह आमसञ्चार तथा पत्रकारिता विषयमै प्लस टुदेखि एमएसम्मको अध्ययन पूरा गरेका छन् । साह नेपालमा दर्ता हुने पहिलो तथा नेपालकै पहिलो सामुदायिक न्यूजपोर्टल हुलाकी न्यूज डटकमका सम्पादकसमेत हुन् । साहसँग **मधेशवाणी**का सम्पादक **रामसुकुल मण्डल**ले गरेको कुराकानीको सम्पादित अंशः

**० तपाईंको चुनावी एजेन्डाहरू के-के छन् ?**

– पत्रकारसँगै पत्रकारिताको विद्यार्थीको नाताले मेरो पहिलो प्राथमिकता पत्रकारिता क्षेत्रकै सम्बर्द्धन-प्रर्वद्धन हो । त्यसैले त पत्रकारिता लागेका पुराना पुस्ताहरूलाई नयाँ प्रविधिसँग साक्षात्कार गराउने र नयाँ पुस्तालाई पत्रकारिता प्रति आकर्षित गराउने अभियान चलाएको छु । त्यसकारण मैले काम गर्दै आएको मिडिया साक्षरता अर्थात मिडिया लिट्रेसी बनाउने अभियान नै मेरो प्रमुख एजेण्डा हो । सँगै पछिल्ला दशकमा पत्रकार तथा पत्रकारितामाथि जनताको विश्वास घट्दै गएको छ । त्यसकारण पत्रकारलाई जिम्मेवार र पत्रकारितालाई मर्यादित बनाउदै विश्वसनियता बढाउन धेरै काम गर्नु पर्ने आवश्यक छ ।

जिल्ला वा देशको कुना काप्चामा काम गर्ने पत्रकारहरू सिक्न पाउने, प्रविधिको उपयोग गर्न पाउने, तालिममा सहभागी हुन पाउने, राम्रो शिक्षा पाउने अवसरहरूबाट बञ्चित छन् । त्यसकारण उहाँहरूलाई प्राविधिक र मैले अध्ययन गरेका विषयहरूको जानकारी दिनु नै मेरो एजेण्डा हो । मैले चलाएका अभियान र एजेण्डाहरूलाई एक कदम अगाडि बढाउन नै म नेपाल पत्रकार महासंघको नेतृत्वमा आउन चाहान्छु । होइन भने त पत्रकारिता गरेर, प्रशिक्षण दिएर आरामले जिन्दगी चल्दैछ किन चुनावमा टाउको दुखाउने ? मेरो अभियानलाई एक कदम अगाडि बढाउन मैले उम्मेदवारी दिएको हुँ ।

**० तपाईं स्वतन्त्ररूपमा केन्द्रीय सदस्य (खुल्ला)का लागि किन उम्मेद्वारी दिनुभएको हो ?**

– मेरो जुन राष्ट्रव्यापी अभियान छ, त्यसका लागि म कुनै पदमा गएर वा कुनै पार्टीको संगठनबाट गएर काम गरें भने त्यो त्यति सकारात्मक हुँदैन । मेरो अभियानमाथि अमुक व्यक्तिहरूले अंकुश लगाउन सक्छ । म वा मेरो पत्रकारितामाथि कसैले अंकुश लगाओस् भनेर मैले चाहेको छैन । त्यसकारणले देशैभरका साथीहरूको माझमा पुगु र उहाँहरूले मतदान गरोस् भनेर मैले खुल्लारूपमा स्वतन्त्र उम्मेदवारी दिएको हुँ ।

**० नेपालका पत्रकार तथा पत्रकारितामाथि विश्वास घट्दै गएको भन्नुभयो, कसरी ?**

– सामाजिक सञ्जाल वा कुनै पनि मिडियामा पत्रकारको बारेमा एउटा पनि नकारात्मक समाचार आउँदा भाइरल हुन्छ । अर्थात् पत्रकारमाथिको विश्वसनीयता घट्दै गएको सामान्य मापनको रूपमा त्यसलाई लिन सकिन्छ । अर्को कुरा समाचारमाथि विश्वसनीयता घट्नुको मूल कारण पत्रकारहरू दलीयकरणतिर लागे । राजनीतिक विषयहरूमा लेखिने समाचारहरू पहिले दलको लाइनमा जान्थ्यो तर अहिले नेताहरूको लाइन्मा जान्छन् । हामी कतिपय पत्रकारहरूमा तथ्यांकको ज्ञान नहुनु, प्रविधिको ज्ञान नहुनु वा समाचार स्रोतसम्म सही तरिकाले पहुँच हुन नसक्नुको कारणले पनि हामीले लेखेका समाचार र कन्टेन्टहरू कमशल खालका हुने गरेका छन् । त्यसकारण जनताको विश्वास घट्दै गएको छ । अर्को मुख्य कारण फ्याक्ट चेकको विषयमा पनि ज्ञानको अभाव देखिन्छ ।

**० त्यसो हो भने पत्रकारितामाथि विश्वास कसरी बढाउने त ?**

– पत्रकारितामा विशेषज्ञता भएन भने विश्वसनीयता गुमाउने अवस्था छ । सैद्धान्तिक ज्ञान नभएर वा पत्रकारको जिम्मेवारी के हो भन्ने नबुझेर यदि कसैले पत्रकारिता गर्छ भने त्यसले पत्रकारितलाई बदनाम गराउँछ । समाचारीय विषयवस्तु लेख्नुहुन्छ भने तपाईंलाई पत्रकारिताको आधारभूत ज्ञान हुनैपर्छ । पत्रकारिताको आधारभूत ज्ञानको आधारमा लेखिएको समाचारका विषयवस्तु स्तरीय हुनजान्छ । अर्को कुरा, अब पत्रकारले कुनै दलको कार्यालयमा दौडेर मात्रै हुँदैन वा पत्रकार सम्मेलनमा पुगेर मात्रै हुँदैन । पत्रकारले अध्ययन पनि गर्नुपर्ने हुन्छ । मुख्यतः म प्रशिक्षणमा जोड दिन्छु । म पत्रकारिता र सोसल मिडियाको प्रशिक्षकको हिसावले प्रशिक्षित व्यक्तिले केही हदसम्म राम्रो गर्छ ।

**सञ्चारमाध्यम, सञ्चार सामग्री र सञ्चारसँग सम्बन्धित संस्थाहरू समावेशी हुनुपर्छ भनेर मैले पनि १३ दिन निरन्तर गरें । फलस्वरूप अहिले विभिन्न संस्थाहरू समावेशी चरित्रको देखिँदैछ । समावेशी कोटाका लागि छुट्याइएको पद पनि मैले नै ओगटे भने देशका दूरदराजमा काम गर्ने पत्रकार वा सीमान्तकृत समुदायबाट आउने पत्रकारहरूले मौका पाउने छैन । त्यसकारण मैले खुल्ला पदमा र स्वतन्त्ररूपले प्रतिस्पर्धा गर्न उपयुक्त ठानेको छु ।**

**० महासंघको निर्वाचनमा विभिन्न दलका प्रेस संगठनहरू वा मोर्चाबन्दी गरेर चुनावी मैदानमा पत्रकार होमिएका छन् । तर कसैसँग सहकार्य वा मोर्चाबन्दी गर्नुभएको छैन, कुनै संगठनमा आबद्ध पनि हुनुहुन्न । किन ?**

– सर्वप्रथम त नेपालमा पत्रकारिता कसरी सुरू भयो भन्ने कुरा बुझौं । नेपालमा रेडियो नेपालको स्थापना कांग्रेसीहरूले प्रजातन्त्र ल्याउन आन्दोलनताका गरे । गोरखापत्रको स्थापना राणाहरूले आफ्नो चर्चा र कर उठाउनका लागि गरे । भनेपछि यी दुईटै राजनीतिकरणबाट आएको हो नि त । त्यस्तै, नेपाल पत्रकार महासंघको संस्थापक नै नेपाली कांग्रेस नेता कृष्णप्रसाद भट्टराई हुनुहुन्थ्यो । त्यसकारण हाम्रो नेपाली पत्रकारिताको जग नै एउटा राजनीतिकरणबाट सुरू भएको हो । यसलाई राजनीतिको छायाँबाट सहजै हामी हटाउन सक्दैनौं । तर अन्तर्राष्ट्रिय मूल्य र मान्यता वा पत्रकारिताकै सैद्धान्तिक पक्षले के भन्छ भने पत्रकारको आफ्नो कुनै दलप्रति आस्था हुनसक्छ तर पत्रकारितामा त्यो देखिनुभएन । पत्रकारिताभित्रको दलीयकरणलाई तोड्नका लागिा हामीजस्ता युवा जसले पत्रकारिताको सैद्धान्तिक पक्षलाई बुझेका छन्, उसले पहलकदमी गर्नैपर्छ र अगाडि आउनुपर्छ । देशभरका महासंघका १३११८ जनाा सदस्यको मनमा हुनसक्छ कि पत्रकारिता स्वच्छ र निष्पक्ष हुनुपर्छ, पत्रकारले सबै कुरा समेट्नुपर्छ । तर उहाँहरू बाध्य भएर चुनाव जित्नकै लागि कुनै दलमा आबद्ध हुनुहुन्छ । तर स्वतन्त्ररूपमा आउन चाहन्छु । यदि म कुनै पार्टीमा गएँ भने मेरो अगाडि त्यो पार्टीका अध्यक्ष हुनसक्छ, प्रेस सल्लाहकारले टाउको खान सक्छ । वा टिकट बाँड्ने बेलामा मसँग विभिन्न खालका प्रतिबद्धता गराउन सक्छ । त्यसकारण त्यो जंजालमा म नफँसेर स्वतन्त्ररूपमा उम्मेद्वारी दिएको हुँ ।

**० तपाँइले लामो समयसम्म मधेश र मधेशीलाई केन्द्रविन्दूमा राखेर कलम चलाउँदै आउनुभएको छ । मधेशी कोटाबाट उम्मेद्वारी दिएको तपाईं जित्ने सम्भावना बढी देखिन्थ्यो नि ?**

– मेरो पत्रकारिताको सुरूवात नै करिब-करिब पहिलो मधेश आन्दोलनताका भएको हो । समावेशी, संघीयता, पहिचानका लागि हामीले पत्रकारिता क्षेत्रबाट कलम चलाएको थियौं । जुन पदका लागि मैले लडेँ, सामान्य परिवारबाट एमएसम्मको अध्ययन गरेँ, म आफूलाई भाग्यमानी ठान्दछु । तर यस्ता पनि छन् हाम्रो समाजमा जसले आर्थिक अभाव वा विपन्नताका कारण राम्रो शिक्षा हासिल गर्न सकेन । मैले त्यो समावेशी पद ओगटे भने लक्षित वर्गले नेतृत्व पाउन सक्दैन । किनभने आरक्षण भनेको पछाडि परेकाहरूका लागि छुट्याइएको पद हो । समावेशी र आरक्षणबाट पछाडि परेकाहरूलाई अगाडि ल्याउनुपर्छ भन्ने माग उठाउने म पनि हो । मैले माग गरेको पदमा म आफै गएँ भने त्यो त आफ्नो लागि मात्र संघर्ष गरेको देखिन्छ । म खुल्ला प्रतिस्पर्धाबाट पनि जित्न सक्छु भन्ने लागेर म खुल्ला उम्मेदवारी दिएको हुँ ।

**० एउटा मधेशी भएर खुल्लामा जित्न कतिको चुनौती देख्नुहुन्छ ?**

– म मधेशी भएकोले पत्रकारितामा आएको होइन । म पत्रकार हुँ र मेरो एउटा पहिचान मधेशी पनि हो । अहिले महासंघका उम्मेदवारहरू हेर्ने हो भने खुल्लामा पनि एउटै समुदायबाट आउने, आरक्षणका पनि कतिपय सिटहरूमा एउटै समुदायबाट आउने । यो प्रणाली तोडेनौं भने विकराल बन्दै जान्छ र त्यसले द्वन्द्व सिर्जना हुन्छ । मलाई जति पनि चुनौती सामना गर्नुपरे पनि मूल भागमा जोडिएर परिवर्तन गर्न चाहन्छु । मलाई यो चुनौती पनि लाग्दैन । किनभने महासंघको उम्मेदवारी हेर्ने हो भने देशभरिबाट खुल्लामा म मात्र एउटा मधेशी जसले उम्मेद्वारी दिएको हुँ । नेपाल पत्रकार महासंघको केन्द्रमा उम्मेदवारी दिएका १ सय ६५ जना मध्ये मधेशी, आदिवासी जनजाति, दलित वा सीमान्तकृतबाट कोही पनि खुल्ला प्रतिस्पर्धामा देखिनु भएको छैन । उहाँहरूको संगठन वा पत्रकार समूहहरूले उहाँहरूलाई कोटामा मात्र सिमित राख्नु भएको छ । अव १ सय ६५ मा म एक्लै खुल्ला उम्मेदवार भएपछि राष्ट्रलाई वा पत्रकार महासंघलाई समावेशी देखाउन देशैभरका मतदाताले मलाई मत दान गर्ने छ भन्ने विश्वासमा छु ।

मैले मलाई चुनावमा भोट मात्रै दिनुस् भनेर मागेको छैन । पत्रकार महासंघका १३ हजार १ सय १८ जना पत्रकारहरूले मलाई विश्वास गर्नु हुनेछ र मलाई जिताउनु हुनेछ भने मलाई लागेको छ । म पत्रकार साथीहरूको विश्वास मागेको छु ।

# नैतिकताविहीन राजनीति



ललित कुमार यादव

> सर्वोच्चको फैसलाको कारण प्रतिनिधिसभाले जीवन पाएको छ, तर बिजनेस पाउन सकेको छैन । सर्वोच्चको अर्को फैसलाले माधव - प्रचण्ड पनि एकै ठाँउमा टिक्न सकेनन् । दुवै तुरून्तै छुट्टिने निर्णयमा पुग्यो । के. पी. - माधव पनि एकै ठाँउमा बस्न सक्ने अवस्था छैन ।

नेपाली बृहत शब्दकोषअनुसार राजनीति भन्नाले प्रजाको शान्ति सुरक्षा कायम गर्ने, मौलिक अधिकारको कदर गर्ने, राज्यको शासन व्यवस्थाको प्रणली निर्धारण गर्ने, राष्ट्रिय र अन्तर्राष्ट्रिय सन्तुलन गर्ने र यस्तै कार्य गर्ने नीति भन्ने बुझिन्छ। अझ सरल भाषामा भन्दा राज्य र प्रशासनसँग सम्बन्धित एक सामाजिक सिद्धान्त भनेर भन्न सकिन्छ। जनता, देश र राजनीतिबिच अन्तर सम्बन्ध रहेको हुन्छ। किनकी जनता बेगरको देश र देश बेगरको राजनीतिको परिकल्पना समेत गर्न सकिदैन ।यसकारण हरेक राजनीतिज्ञ देश र जनता प्रति नैतिकवान (इमन्दार) नरहेसम्म देश र राजनीतिले सहि गति र दिशा लिन नसक्नेमा कुनै शंका छैन।

राजनीतिक दल एउटा राजनीतिक संस्था हो, जो सत्तामा जान निरन्तर प्रयत्नो गरि रहेको हुन्छ। सत्ता प्राप्तज गर्न राजनीतिक दलहरूले निर्वाचन प्रकृयामा भाग लन जरूरी हुन्छ। प्रत्येक राजनीतिक दलको आफ्नै सिद्धान्त र लक्ष्य हुन्छ, जुन प्राय लिखित दस्तावेजको रूपमा रहेको हुन्छ।

विभिन्न देशमा राजनीतिक दलको अलगअलग स्थिति र व्यवस्था रहेको छ। केही देशमा कुनै पनि राजनीतिक दल हुदैन ।केही देशमा एउटै दल सर्वेसर्वा हुन्छ। केही देशमा मूख्यतया दुई दल हुन्छ। धेरै जसो देशमा दुई भन्दा बढी दल हुन्छ ।हाम्रो देशमा धेरै राजनीतिक दलहरू सकृय रहेको छ। थ्रेसहोल्डको कारण राष्ट्रिय दलको मान्यता प्राप्तह दलको संख्यान अहिले चार (४) पुगेको छ।

नेपालमा शाह शासन, राणा शासन, पञ्चाोयती शासन र प्रजातन्त्र हुदै अहिले संघीय लोकतान्त्रीक गणतन्त्र कायम रहेको छ। बिगतदेखि नै नेपालको राजनीति अस्थिर रहदै आएको छ। नेपालका राजनीतिक दलका नेतृत्व कर्ताहरू नेता भएपनि राजनेता हुन सकेका छैन। नैतिकताको त्याग गरेर राजनेता हुन सकिदैन। बर्तमानका नेपाली राजनीतिका नेतृत्वमा रहेका नेताहरूले नैतिकताको त्याग गरि सकेको सहजै अभास हुन्छ। बिगतमा केही राजनीतिज्ञहरूले नैतिकता कायम राख्नह खोजेको र कायम राखेको पनि देखिन्छ, तर अहिलेको वर्तमान नेपाली राजनीति नैतिकताबिहिन राजनीति रहेको छ।

हुन त अहिलेकै वर्तमान नेपाली राजनीतिज्ञहरूले पनि नेपालको राजनीतिमा सहाशिक निर्णय लिँदै नलिएका होइन। मओवादी सशस्त्र युद्धको अन्त्य गर्न तत्कालिन बिद्रोही मओवादी र सात दलले राज संस्थालाइ पाखा लगाएर ऐतिहाशिक सम्झौता गर्ने सहाशिक निर्णय लिएकै हो। गिरिजा प्रसाद कोइरलालाइ यही निर्णयले पनि नेपालको राजनीतिमा असल पात्रको रूपमा परिचित गराइ रहने छ।

शान्ति प्रकृया लम्बिए पनि टुङ्गयाउन सफल भएकै हो। नेपाललाइ संघीय लोकतान्त्रीक गणतन्त्रमा रूपान्तरण गर्न पनि सफल भएकै हो। यद्यपी कार्यवन्यनमा बेला बखतमा केही जटीलता र अन्योलता देखिने गरेको छ।साथै उपलब्धी जोगाइ राख्नव नेताहरूको इमन्दारितामा शंका गर्ने प्रशस्त ठाउँहरू नेताहरूकै व्यवहार र अभिव्यक्ति बाटै पैदा हुने गरेको छ।

जन आनदोलन २०६२/०६३ को सफलतासँगै नेपालमा राजनीतिक क्रान्ति सम्पन्नि भएको मानिएको थियो। त्यसबेला नेपाली राजनीतिको नेतृत्व गरि रहेका नेताहरूले पनि अब राजनीतिक संकटको अध्याय सकिएको स्वघोषणा समेत गरेका थिए। हुन पनि त्यसपछि जन आनदोलनबाट प्राप्त उपलब्धीहरूलइ स्थापित गर्दै मुलुकको आर्थिक अवस्था सबल बनउन तिर लाग्नु पर्ने थियो। नेताहरू आ-आफ्नो नैतिकता कायम नराखेकै कारण मुलुकको राजनीति पुनः अन्योलताकै बाटोमट फर्कियो।

जन आनदोलनको माग अनुसार संबिधान सभा बाट संबिधान लेख्ने प्रकृयाको प्रारम्भ भयो ।नेपालको पहिलो संबिधान सभाले बि.सं. २०६५ साल जेष्ठ १५ देखि बि.सं. २०६९ जेष्ठ १५ सम्म कार्य गर्योन। यस अबधीभर दलहरू पुरानै सत्ताको खेलमा केन्द्रीत भयो। सभासदहरूले पनि संबिधान लेखन प्रकृयामा भन्दा बिकास बजेट चलाउनमै केन्द्रीत भयो। अन्ततः पहिलो संबिधान सभाले संबिधान दिन सकेन र राजनीतिक दल र नेताप्तिको जन विश्वीस कायम राख्न। नेपाली राजनीतिज्ञहरू असफल भयो।

मुलुकको शासन व्यवस्था सञ्चालन गर्न संबिधान लेख्नैज पर्ने थियो। संविधान लेख्न संविधानसभा पनि चाहिएकै थियो। अर्को संविधानसभा गठन गर्न पुनः निर्वाचनमा जानु पर्ने भयो। निर्वाचन सम्पन्न गर्न तत्कालीन प्रधान न्यायाधीशको अध्यक्षतामा चुनावी सरकार बन्यो। बि.सं. २०७० मंसिर ४ मा निर्वाचन सम्पन्न भयो। यही संविधान सभाले मधेशको असन्तुष्टीको सम्बोधन नगर्दै बि.सं. २०७२ असोज ३ मा संविधान जारि गऱ्यो।

पहिलो संविधानसभाबाट संविधान दिन नसकेकोमा र दोस्रो संविधानसभाका लागि निर्वाचन गराउन गैरराजनीतिक सरकारको आवश्यकता परेकोमा कुनै दलको नेतृत्वले आफ्नो असफलता मानेन। जनता समक्ष क्षमा याचना समेत गरेन। पुनः गठन भएको संबिधान सभामा पनि प्रायः जसो तिनै पूराना अनुहारहरू दोहोरियो। नेतृत्वमा त झन केही परिवर्त नै भएन। एक पटक असफल भैसकेका र आफ्नो असफलतामा पश्चाताप पनि गर्न नसकेका नैतिकताविहीन नेताहरू नै मुलुकको राजनीतिको नेतृत्वमा रहिरह्यो र अहिलेसम्म ती पात्रहरू फेरिएका छैनन्, फेरिने सम्भवना पनि छैन।

संविधान प्राप्त भएपछि विगतदेखि नै अस्थिर रहँदै आएको नेपाल सरकारको नेतृत्व स्थिर राख्न अति नै आवश्यक थियो। मुलुकको आर्थिक, भौतिक प्रगतिका लागि आफ्नो कार्यकाल पूरा गर्न सक्ने सरकार चाहिएको थियो। जनताको चाहना पनि यही नै थियो र छ पनि। जनताले स्थिर सरकार खोजेकै कारण एमाले र माओवादी केन्द्रको गठबन्धनले लगभग दूई तिहाइको सफलता हात पार्यो। कुनै पनि सरकार लामो समयसम्म टिक्न नसकेको कारण सरकार गठन भएको २ वर्षसम्म अविश्वासको प्रस्ताव ल्याउन नपाउने र प्रस्ताव ल्याउँदा प्रस्तावमै भावी प्रधानमन्त्रीको नामसमेत उल्लेख गर्नुपर्ने आदि प्रवधान संविधानमै राखिएको छ।

संविधानको प्रावधान र एमाले - माओवादी केन्द्र गठबन्धन ( ने. क. पा. ) ले निर्वाचनमा हात पारेको सफलताले, अब मुलुकले स्थिर नेतृत्व भएको सरकार पाएको र मुलुकको बिकासको रफ्तारले गति लिनेमा जनतामा विश्वाअस पलाएको थियो। गठबन्धन गर्दा र निर्वाचनमा जादा पनि एमाले - माओवादी केन्द्रका नेतृत्वदेखि नेता कार्यकर्तासमेतले यही स्थिर सरकारको नारा लगाएका थिए।

जनताले एमाले-माओवादी केन्द्रको गठबन्धनलाइ अनुमोदन गरेकै कारण यी दुई दलबिच एकता पनि भयो। नेतृत्वले राजनीतिक नैतिकता कायम राख्नत नसक्दा शूरू देखि नै विवादीत बनेको पार्टी एकताको रथ थोरै मात्र दुरि पार गरि नसक्दै पाङ्गाहरू छुटिएको छ, त्यो पनि छत बिछत हुने गरि। ने. क. पा. को नेतृत्व र नेताहरू देश र जनता प्रति जिम्मेबार रहेको भए र तिनीहरूमा राजनीतिक नैतिकता रहेको भए यो अवस्था कदापि आउने थिएन।

पार्टी एकता गर्न र दूई तिहाईको सरकरको नेतृत्व गर्न सफलता हात पारेको जसको हकदार अरू कोही पनि नरहेको मान्यता राख्नेई प्रधानमन्त्री के. पि. ओलीले पार्टी र सरकारको नेतृत्व गर्न नसकेकै कारण पार्टी र सरकार सञ्चोलनमा समस्या आएको र अहिलेको अन्योलताको अवस्था सिर्जना भएको मान्नप अलि पनि तयार छैन। अरू नेताहरू पनि यो अवस्था सिर्जना हुनुमा आफ्नो कुनै दोष देख्दैन , तर देश र जनताको नजरमा यस विवादमा सहभागी सबै नेताहरू दोषी रहेका छन्। कसैको दोष कम होला त कसैको बेसी फरक यति मात्रै छ।

प्रधानमन्त्रीले प्रतिनीधिसभा विघटनको सिफारिस गर्यो। सो सिफारिस राष्ट्रपतिबाट सदर भयो। विघटन संविधानविपरीत रहेको र यो एक किसिमको प्रतिगमन रहेको भन्दै चौतर्फि विरोध भयो। प्रधानमन्त्रीकै दलका नेताहरू देखि नागरिक समाज, पूर्व न्यायधीशहरू, प्रमुख प्रतिपक्षी दल लगायत अन्य दलहरू र मन्त्रिमण्डलमै सहभागी रहेका केही मन्त्रीहरूलेसमेत मन्त्रीको बिल्ला फालेर प्रधानमन्त्रीको कदमको खुलेर बिरोध गर्योक, तर प्रधानमन्त्रीलाई केही परक परेन। देशको सम्मानित सर्वोच्च अदालतले प्रधानमन्त्रीको निर्णय गलत निर्णय भएको फैसला गर्यो, तर पनि प्रधानमन्त्रीलाई नैतिकता बोध भएन।

सर्वोच्चको फैसलाको कारण प्रतिनिधिसभाले जीवन पाएको छ, तर बिजनेस पाउन सकेको छैन। सर्वोच्चको अर्को फैसलाले माधव - प्रचण्ड पनि एकै ठाँउमा टिक्न सकेनन्। दुवै तुरून्तै छुट्टिने निर्णयमा पुग्यो। के. पी. - माधव पनि एकै ठाँउमा बस्न सक्ने अवस्था छैन। सत्ता प्राप्त गर्न एकता गरेकाहरू सत्तामा रहेको लगभग दुई तिहाइ जनमत प्राप्त दल विभाजन हुँदा देश र जनतामाथि परेको असरबाट बेखबर रहेको जस्तै उनीहरूकै भाषामा नाटक र नौटङकी गर्दैछ। मुलुकमा अहिलेको राजनीतिक अवस्था सिर्जना हुनुमा कुनै पनि नेताले नैतिक जिम्मेवारी लिन तयार छैन। सबै एक अर्कालाइ आरोप प्रत्यारोप लगाउनु नै आफ्नो जिम्मेवारी रहेको सोचेका छन्।

lkskeshariaaryan@gmail.com


- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासायियक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
सम्पर्क नं. : ०१५२२३५०
इमेल : malcprovince2@gmail.com


## मधेश अपडेट

### लागूऔषधसहित मेहबुब पक्राउ

रूपन्देही। जिल्लाको सिद्धार्थनगर नगरपालिका १ मेउडीहवाबाट एपीएफ टोलीले विभिन्न किसिमको लागूऔषधसहित सोही जिल्लाको तिलोत्तमा नगरपालिका १० बस्ने मेहबुब अलिलाई पक्राउ गरेको छ। सशस्त्र प्रहरी बल, नेपाल नम्बर २७ गण रूपन्देहीबाट खटिएको एपीएफ टोलीले उनलाई पक्राउ गरेको हो। लु ६ प २१६५ नम्बरको मोटरसाइकलमा भारतबाट नेपालतर्फ आउँदै गरेका उनलाई एपीएफ टोलीले जाँच गर्दा उनको साथमा ओनरेक्स कफ सिरप २१ बोतल, नाइट्रोभेट ट्याब्लेट १ सय ५० वटा र स्मास्मो प्रोक्सिभन प्लस १ सय ७९ वटा फेला परेपछि पक्राउ गरिएको हो। पक्राउ परेका निज अलिलाई बरामद लागूऔषधसहित आवश्यक कारवाहीको लागि स्थानीय प्रहरीमा बुझाइएको छ।

### बाघको छालासहित एक जना पक्राउ

कैलाली। मोहन्याल गाउँपालिका-७ स्थित पितमारी बजारबाट बाघको छाला १ थान, खप्पर १ थान, बंगरा १ थान र जुंगा सहित दैलेख आठबिस नगरपालिका-३ बस्ने ४९ वर्षीय बिनी प्रसाद जैशीलाई प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा संघीय प्रहरी इकाई कार्यालय धनगढी कैलालीबाट खटिएको प्रहरीले उनलाई शंकास्पद अवस्थामा फेला पारी उनको झोला जाँच गर्दा उक्त छाला लगायतका वस्तु फेला पारी पक्राउ गरेको हो। बरामद सामान सहित उनलाई आवश्यक अनुसन्धानको लागि ईलाका प्रहरी कार्यालय चिसापानी बुझाइएको संघीय प्रहरी इकाई कार्यालय धनगढीले जनाएको छ।

### एक केजी गाँजासहित एकजना पक्राउ

मोरङ। बेलबारी नगरपालिका-८ बिहिबारे बस्ने ७४ वर्षीय भोगिलाल सहनिलाई १ केजी अवैध लागूऔषध गाँजासहित प्रहरीले पक्राउ गरेको छ। आइतबार दिउँसो भोगिलालले लागूऔषध गाँजा विक्री गर्ने गरेको भन्ने सूचनाको आधारमा प्रहरी चौकी डागिहाटबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो।

### लागूऔषध र नगदसहित दुई जना पक्राउ

कैलाली। लम्कीचुहा नगरपालिका-१ लम्की बजारबाट ५ ग्राम १ सय ८० मिलिग्राम अबैध लागूऔषध खैरो हेरोईन जस्तो देखिने धुलो पदार्थ र नगद ६२ हजार १ सय १५ रूपैयाँसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। आइतबार दिउँसो पक्राउ पर्नेहरूमा गौरीगंगा नगरपालिका-८ घर भएका २६ वर्षीय ईश्वर पौडेल र लम्कीचुहा ननगरपालिका-४ कौवापुर बस्ने २८ वर्षीय दिपक सुनार रहेका छन्। ईलाका प्रहरी कार्यालय लम्कीबाट खटिएको प्रहरीले उनीलाई उक्त लागूऔषध र नगद सहित फेला पारी पक्राउ गरेको हो।

### साथीको हत्या गरेको अभियोगमा पक्राउ

कपिलवस्तु। शुद्धोधन गाउँपालिका-३ मेहतिनियास्थित बाबा इँटाभट्टामा काम गर्ने भारत जिल्ला नौबादा बस्ने ६० वर्षीय गंगा मल्लाहको कुटपिट गरी हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने ३० वर्षीय रन्जित मल्लाहलाई प्रहरीले पक्राउ गरेको छ। उनीहरूबीच एक आपसमा झगडा एवं कुटपिट हुँदा टाउकोमा चोट लागि गम्भीर घाइते भएका गंगाको भैरहवा मेडिकल कलेजमा उपचारको क्रममा मृत्यु भएको हो। प्रहरी चौकी लवनीबाट खटिएको प्रहरीले कुटपिटमा संलग्न रन्जितलाई पक्राउ गरेको हो।

### डुबेर कैलालीमा दुईको मृत्यु

कैलाली। जिल्लाको दुई छुट्टाछुट्टै ठाउँमा नदीमा डुबेर दुई जनाको मृत्यु भएको छ। टिकापुर नगरपालिका-१ ब्लक नम्बर १४ बस्ने लाल बहादुर चौधरीको १५ वर्षीय छोरा आयुस चौधरीको सोही नगरपालिका-८ वनगाउँस्थित कर्णाली नदीमा नुहाउने क्रममा डुबेर सोमबार दिउँसो मृत्यु भएको छ। डुबेर बेपत्ता भएका उनको ईलाका प्रहरी कार्यालय टिकापुर र प्रहरी चौकी सत्तिबाट खटिएको प्रहरीले खोजी गर्नेक्रममा शव फेला पारेको हो। यसैगरी कैलाली, बर्दगोरीया गाउँपालिका-५ भुरूवा बस्ने लाल सिंह कठरियाको ९ वर्षीय छोरा कैलाश कठरियाको सोही गाउँपालिका-४ स्थित काडा नदीमा पौडी खेल्ने क्रममा डुबेर सोमबार दिउँसो मृत्यु छ।

### चिनियाँ ह्याकर पक्राउ

काठमाडौं। एटिएम मेसिन ह्याक गरी पैसा निकाल्न खोजेको आरोपमा एक चिनियाँ नागरिकलाई प्रहरीले पक्राउ गरेको छ। महानगरीय प्रहरी वृत्त दरबारमार्ग र काठमाडौं परिसरको टोलीले विशेष सूचनाको आधारमा २९ वर्षीय वाङ जियोलोङलाई ठमेलको ज्याठाबाट पक्राउ गरेको हो। उनले ज्याठास्थित मेगा बैकको एटीएम मेसिनको किबोर्ड पिन नम्बर ह्याक गरी नगद निकाल्न खोजेको अवस्थामा पक्राउ परेको प्रहरीले जनाएको छ। प्रहरीले उनको साथबाट मोबाइल ४ थान, बिभिन्न किसिमका १० वटा चाबीहरूसहितको झुप्पा १ थान, विभिन्न बैंकको १० थान एटीएम कार्ड, चाइनिज युआन २ हजार ३ सय ८२ , अमेरिकी डलर ६५ र नेपाली २ हजार ११० रूपैयाँ बरामद गरेको छ। उनीमाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

### चोरीपैठारीको सामान बरामद

बाँके। जिल्लाको जानकी गाँउपालिका १ स्थित सीमा ईलाकाबाट एपीएफ टोलीले करीब २ लाख २२ हजार रूपैयाँ बराबरको चोरीपैठारीको ल्यापटप तथा नरिवल बरामद गरेको छ। सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट जैसपुरबाट खटिएको एपीएफ टोलीले उल्लेखित सामान बरामद गरेको हो। बरामद सामान स्थानीय भन्सार कार्यालयमा बुझाइएको छ।

### कपिलवस्तुमा दुई जना पक्राउ

कपिलवस्तु। कृष्णनगर नगरपालिका-२ बुद्ध पेट्रोलपम्प नजिकबाट नियन्त्रित लागूऔषध १ सय ७० क्याप्सुल ट्रामाडोल र ४१ ट्याब्लेट नाईट्राभेट सहित २ जनालाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा दाङ घोराही उपमहानगरपालिका-१६ कपासे बस्ने २१ वर्षीय रूपेश बिक र सोही ठाउँ बस्ने २१ वर्षीय नवराज गौतम रहेका छन्। ईलाका प्रहरी कार्यालय कृष्णनगर कपिलवस्तुबाट खटिएको प्रहरीले उनीहरूलाई जाँच गर्नेक्रममा शरीरमा लुकाई लैजाँदै गरेको उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो।

### अवैध लागूऔषध गाँजा बरामद

पर्सा। पटेर्वासुगौली गाउँपालिका-२ अखवा टोल बस्ने रामेश्वर पंजियारको घरबाट अवैध लागूऔषध गाँजा २६ किलो ५ सय ग्राम, गाँजा च्याप्ने मेसिन १ थान , ढक ३ थान र तुलो १ थान बुधबार दिउँसो प्रहरीले बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले पंजियारको घरमा बोराभित्र लुकाइ छिपाई राखेको अवस्थामा उक्त लागूऔषध गाँजा फेला पारी बरामद गरेको हो। फरार पंजियारको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### आगलागीबाट तीन लाखको क्षति

रूपन्देही। गैडहवा गाउँपालिका-३ गोब्डौरी बस्ने ओम प्रकाश यादवको घरमा विद्युत सर्ट भई मंगलबार दिउँसो आगलागी हुँदा घर, अन्नपात, लत्ताकपडा, कागजात र घरभित्र राखेको बा.१५ प ३७३५ नम्बरको मोटरसाइकल समेत जलेर करिब ३ लाख रूपैयाँ बराबरको धनमाल नष्ट भएकोछ। स्थानीयबासीको सहयोगमा आगलागी नियन्त्रण गर्नुका साथै यस सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### युवक मृत फेला

कपिलवस्तु। बाणगंगा नगरपालिका-३ स्थित सामुदायिक जंगलमा सोही नगरपालिका-३ राजापानी बस्ने २४ वर्षीय कपिल बेलबासे मंगलबार मृत अवस्थामा फेला परेका छन्। सोमबार होली खेल्न भनि निक्लेकोमा फर्की नआएपछि खोजी गर्नेक्रममा उक्त जंगलमा उनको शव फेला परेको हो।

### नदीमा डुबेर किशोरको मृत्यु

बाँके। बाँकेमा नदीमा डुबेर एक किशोरको मृत्यु भएको छ। राप्तिसोनारी गाउँपालिका-५ चिलरीया बस्ने १९ वर्षीय दीपक बैश्यको सोही ठाउँ बिनौनास्थित राप्ती नदीमा डुबेर सोमबार दिउँसो मृत्यु भएको छ।

16-50, Madheshvani, Chait-20, 2077.pmd 5 4/2/2021, 10:40 AM

# महजोडी बने ‘महामुर्ख’

जनकपुरधाम । यस वर्ष महामुर्खको उपाधि महजोडीले पाएका छन् । जनकपुरधाममा होलीको पूर्वसन्ध्यामा आयोजित महामुर्ख सम्मेलनमा नेपालका प्रसिद्ध कलाकार मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यलाई महामुर्खको उपाधि दिइएको हो ।



मिथिला नाट्यकला परिषद् (मिनाप)द्वारा आयोजित कार्यक्रममा महजोडीले महामुर्खको उपाधि पाएपछि उनलाई प्रशंसा पत्र, मिथिला चित्रकला, फूल तथा विभिन्न तरकारी मिश्रित माला र दोसल्ला ओढाएर सम्मान गरिएको थियो ।

सम्मान ग्रहण गर्दै मदनकृष्ण श्रेष्ठले भने, ‘४० वर्षको करियरमा कयौं पुरस्कारहरू पाएँ तर मिनापले दिएको महामुर्खको उपाधि धेरै नै खास छ । हामीलाई सबैले विद्वान भन्थे तर हामी के हौं हामीलाई मात्रै थाहा छ । बल्ल मिनापले हामीलाई चिनेर यो उपाधि प्रदान गरेको छ ।’

हरिवंश आचार्यले भने, ‘४० वर्षसम्म निरन्तर गरेको कामको प्रतिफल आज हामीले पाएका छौं । हामीलाई साँचो अर्थमा संयुक्त रूपमा यो सम्मान प्रदान गरेर एक बनाएको छ ।’ सम्मेलनमा सहभागी कविहरूले आ-आफ्नो कविताको माध्यमले विभिन्न विषयवस्तुमाथि कटाक्ष गरेका थिए । मिनापले आयोजना गरेको महामुर्ख सम्मेलनमा यस वर्ष मुर्ख शिरोमणिको उपाधि प्रदेश २ का भौतिक पूर्वाधार विकास मन्त्री जितेन्द्र सोनललाई प्रदान गरिएको छ ।

यस्तै जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-४ का वडाध्यक्ष सुदर्शन सिंहलाई वैशाखनन्दन, जसपाका केन्द्रीय सदस्य राजिव झालाई वंश कुरहरि, डेली एक्सप्रेस दैनिक पत्रिकाका प्रकाशक शंकर साहलाई मुसरीलाल, जसपा नेतृ विन्दु ठाकुरलाई खपसुरती, जसपा नेता शेषनारायण यादवलाई चोन्हमा, नेपाल शिक्षक संघका प्रदेश २ अध्यक्ष मेघनाथ यादवलाई चौपटानन्द र चित्रकार एस.सी. सुमनलाई तरघुस्का उपाधिबाट सम्मान गरिएको छ ।

यसैगरी सुरेश शर्मालाई हराशंख, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सुजित झालाई सिलौटानन्द, साहित्यकार एवं गीतकार अशोक दत्तलाई वोतलानन्द, नेपाल पत्रकार महासंघका पूर्व कोषाध्यक्ष शीतल साहलाई ढोरबा, मोडेल क्याम्पसका सञ्चालक वीरेन्द्र साहलाई लोढाशंकर, कराँतेका प्रशिक्षक वीरेन्द्र कर्णलाई बज्रकीट र मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरीलाई पटमूर्खको उपाधि प्रदान गरिएको छ ।

# राजविराजमा भूतपूर्व सैनिक सम्मेलन



राजविराज । राजविराजस्थित भीमदल गणमा नेपाली सेनाको भूतपूर्व सैनिक सम्मेलन-२०७७ सहायक शिविर सम्पन्न भएको छ । प्राथमिक स्वास्थ्य सामग्री, मण्डी, सल, पि-क्याप र सैनिक कल्याणकारीको कार्यक्रम पुस्तिकाका साथै दैनिक तथा भ्रमण भत्ता वितरण गर्दै सहायक शिविर सम्पन्न भएको हो ।

सप्तरीमा बस्ने र सोही क्षेत्रको बैंकबाट पेन्सन बुझिरहेका भूतपूर्व सैनिक तथा पारिवारिक निवृत्तिभरणमा रहेका व्यक्तिका साथै बहालवाला सैनिक तथा अन्य आमन्त्रित अतिथिको सम्मेलनमा सहभागिता थियो ।

सप्तरी जिल्लामा ३९० जना भूतपूर्व सैनिक र निवृत्तिभरणमा रहेका एकल महिला रहेका छन् । कोभिड-१९ का कारण स्वास्थ्य मापदण्ड पालना गर्दै राजविराजमा आज भएको भूतपूर्व सैनिक सम्मेलन सहायक शिविरमा १०० जना भूतपूर्व सैनिक र निवृत्तिभरणमा रहेका परिवारका सदस्यको उपस्थिति थियो । बाँकी २९० जनालाई बिहीबारदेखि मण्डी, सल, पि-क्याप, प्राथमिक स्वास्थ्य सामग्री, दैनिक तथा भ्रमण भत्ता वितरण गरिएको गणका सहसेनानी आर्जन रानाले बताए ।

सम्मेलनमा भूपू सैनिकका आवश्यकता पहिचान गरी नेपाली सेना कल्याणकारी बोर्डले सञ्चालन गर्ने विभिन्न योजना र कार्यक्रमको नीति तय गर्ने र उनीहरूको गुनासो, पिरमर्का, राय र सुझाव सङ्कलन गरी नीतिनिर्माण गरिने हुँदा सम्मेलन प्रभावकारी हुने गरेको गणपति प्रमुख सेनानी नीरज भण्डारीले बताए ।

सम्मेलनको मुख्य शिविर नारायणहिटी ब्यारेकमा भयो भने कोभिड-१९ का कारण स्वास्थ्य मापदण्ड पालना गर्दै राजविराजसहित विभिन्न गणमा सहायक शिविर सम्पन्न भएको नेपाली सेनाले जनाएको छ । यस प्रकारको सम्मेलनले अवकाश प्राप्त सैनिकको अवकाशपछिको जीवनमा थप ऊर्जा र शक्ति प्रदान गर्नुका साथै समाजमा सम्मानित जीवनयापन गर्दै सेनाप्रति सकारात्मक सोचको विकास एवं राष्ट्रिय एकतामा टेवा दिन थप ऊर्जा तथा हौसला मिल्ने विश्वास नेपाली सेनाले लिएको छ ।

नेपाली सेनाले गरिरहेका विभिन्न काम, कारवाहीका बारेमा अवकाशप्राप्त सैनिकलाई जानकारी गराउने तथा भूतपूर्व सैनिक र उनीहरूका परिवारको हितका लागि भएका कार्यक्रमको जानकारी गराउने उद्देश्य साथ सम्मेलन गरिँदै आएको छ ।

नेपाली सेनाले गर्दै आएको भूतपूर्व सैनिक सम्मेलन केही समय रोकिएको थियो । विसं २०७० असोजमा नेपाली सेना कल्याणकारी बोर्ड गठन भएपश्चात् भूतपूर्व सैनिक सम्मेलनको निरन्तरता हुन थालेको हो ।

# सांस्कृतिक सम्पदा परियोजनाको पुनर्स्थापना र पुनर्निर्माणमा सहयोग

काठमाडौं । भारत सरकारको आर्थिक सहयोगमा निर्माण हुन लागेका सांस्कृतिक सम्पदा परियोजनाको पुनर्स्थापना र पुनर्निर्माण कार्यका लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरण तथा ठेकेदारहरूबीच मंगलबार तीन वटा ठेक्का सम्झौतामा हस्ताक्षर सम्पन्न भएको छ ।

सो सम्झौताअन्तर्गत सिन्धुपाल्चोक जिल्लामा अवस्थित चिरीघ्याङ्ग गुम्बा, तार्केघ्याङ्ग गुम्बा र मेलाम्चीघ्याङ्ग गुम्बाको निर्माण हुनलागेको हो ।



उक्त कार्यक्रममा भूतपूर्व अर्थराज्यमन्त्री डा.लार्केल लामा, प्रदेशसभाका सदस्य निमा लामा, भारतीय राजदूतावासको विकास साझेदारी तथा पुनर्निर्माण प्रभागका दोस्रो सचिव, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको सांस्कृतिक परियोजनाका परियोजना निर्देशक, सम्बन्धित गुम्बाका अध्यक्ष, भारत सरकारको परियोजना परामर्शदाता इन्टाच तथा सरोकारवालाहरूको उपस्थिति थियो ।

भूकम्पले क्षति पुऱ्याएका २८ वटा सांस्कृतिक सम्पदाको संरक्षण र पुनर्स्थापना गर्नका लागि भारत सरकार र नेपाल सरकारबीच सहमति कायम भएको थियो ।

यी तीन परियोजनाहरू पनि सोही २८ वटा सांस्कृतिक सम्पदा अन्तर्गत पर्दछन् । नेपालका आठ जिल्लामा भूकम्पले क्षति पुऱ्याएका सांस्कृतिक सम्पदा परियोजनाको संरक्षण, पुनर्स्थापना र पुनर्निर्माणका लागि भारत सरकारले ५० मिलियन अमेरिकी डलर आर्थिक सहयोग गर्ने प्रतिबद्धता जनाइसकेको छ । सोही प्रतिबद्धता अनुरूप यी परियोजनाहरूलाई अघि बढाइएको हो ।

सिन्धुपाल्चोक जिल्लामा बसोबास गर्ने शेर्पा र तामाङ्ग समुदाय विशेषगरी ह्योल्मो जातिका लागि यी तीनै गुम्बाले सिकाई केन्द्रको रूपमा काम गर्नुका साथै सिन्धुपाल्चोक क्षेत्रको पर्यटनलाई प्रर्वद्धन गर्न महत्वपूर्ण भूमिका खेल्नेछ ।

# भारत पुगेका किशोरी परिवारको जिम्मामा



जनकपुरधाम । भारत बिहारको सीतामढीमा भेटिएका महोत्तरीको भंगहा नगरपालिका ८ धर्मपुरका सातजना किशोरीलाई परिवारको जिम्मा लगाइएको छ । महोत्तरी प्रहरीले जलेश्वर ल्याएर उनीहरूलाई परिवारजनको जिम्मा लगाएको प्रदेश २ प्रहरी प्रमुख डिआइजी धीरज प्रतासिंहले जानकारी दिए । सीतामढीमा फेला परेका उनीहरूलाई भारतीय प्रहरीले उद्धार गरेको थियो । भारतीय प्रहरीले नेपाल प्रहरीलाई जिम्मा लगाएपछि परिवारलाई जिम्मा लगाउने सहमति भएको थियो ।

दोषी पत्ता लगाउन घटनाको अनुसन्धानमा तथा थप सोधपुछको लागि बालिकाहरूलाई राखेर परिवारजनसँग घर पठाइएको छ ।

भँगाहा नगरपालिका ८का सातजना किशोरी मंगलबार दिउँसो घाँस लिन गएको बेलादेखि बेपत्ता भएका थिए । सीतामढी प्रहरीले उद्धार गरेपछि किशोरीहरूले आफुहरू गायिका बन्न हिँडेको बयान दिएका थिए । यसले उनीहरूलाई बाहिर लैजानमा कसैको संलग्नता भएको हुन सक्ने आशंका गरिएको छ ।

# प्रदेश निर्वाचन कार्यालयहरूको उद्घाटन

काठमाडौं । भर्चुअल माध्यमबाट प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले प्रदेश निर्वाचन कार्यालयहरूको उद्घाटन गरेका छन् ।

नेपाल सरकार, मन्त्रिपरिषद्को गत माघ २६ गतेको निर्णयानुसार निर्वाचन आयोगअन्तर्गत सात वटै प्रदेशमा प्रदेश निर्वाचन कार्यालय रहने गरी संगठन संरचना स्वीकृत भएको थियो ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा १६ मा निर्वाचन आयोग आफैंले सम्पादन गर्नुपर्ने कामका लागि आवश्यकता अनुसार प्रदेश तथा तोकिएबमोजिमको अन्य स्थानमा कार्यालय स्थापना गर्न सक्ने व्यवस्था छ ।

सोही व्यवस्था बमोजिम आयोगले गरेको सिफारिसका आधारमा हाल प्रदेश राजधानी रहेका मोरङ, धनुषा, मकवानपुर, कास्की, दाङ, सुर्खेत र कैलाली जिल्लामा साविकका जिल्ला निर्वाचन कार्यालय खारेज भइ आयोगको प्रादेशिक कार्यालयको रूपमा नेपाल प्रशासन सेवा, राजपत्रांकित द्वितीय श्रेणीका उप-सचिवको नेतृत्वमा ९ (नौ) जना कर्मचारीहरू रहने गरी प्रदेश निर्वाचन कार्यालयको स्थापना गरिएको हो ।

सो अवसरमा प्रमुख निर्वाचन आयुक्त थपलियाले निर्वाचन आयोगलाई नेपालको संविधानबमोजिम संघीय ढाँचा अनुकूल तुल्याउन र आयोगका काम कारवाहीलाई थप प्रभावकारी बनाउन प्रदेशस्तरमा कार्यालय स्थापना गरिएको जानकारी गराएका छन् ।

साथै, यसरी स्थापित कार्यालयहरूबाट आगामी दिनमा निर्वाचन व्यवस्थापन, निर्वाचन शिक्षा एवं मतदाता जागरण लगायत आयोगलाई तोकिएका कार्यसम्पादनमा थप सहजता हुने र जिल्ला निर्वाचन कार्यालयहरूको काम कामकारवाहीमा प्रभावकारी समन्वय हुने विश्वास व्यक्त गरे ।

कार्यक्रमको उद्धेश्यमाथि प्रकाश पार्दै आयोगका सचिव सुरेश अधिकारीले प्रदेशस्तरमा समेत आयोगको उपस्थितिले आयोगबाट सम्पादन गर्नुपर्ने कृयाकलापमा महत्वपूर्ण योगदान पुग्ने धारणा राखेका थिए ।

उक्त कार्यक्रममा आयोगका आयुक्तहरू नरेन्द्र दाहाल, ईश्वरी प्रसाद पौड्याल, राम प्रसाद भण्डारी र डा. जानकी कुमारी तुलाधार, आयोगका सचिव सुरेश अधिकारी, आयोग सचिवालय मातहतका सवै प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयका कर्मचारीहरू एवम् विकास साझेदार संस्थाका प्रतिनिधिहरू लगायतको उपस्थिति थियो ।

## प्रदेश सरकार प्रतिवद्ध : मुख्यमन्त्री राउत

जनकपुरधाम । मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले प्रदेशमा कार्यरत कर्मचारीहरूको हकहितका लागि प्रदेश सरकार प्रतिवद्ध रहेको बताएका छन् । मधेशी निजामति कर्मचारी मञ्चले शनिबार जनकपुरमा आयोजना गरेको राष्ट्रिय भेला एवं संघीय निजामित कर्मचारी ऐन सम्बन्धि अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री राउतले कर्मचारीहरूको हक हितका लागि प्रदेश सरकार कुनै कसर बाँकी नराख्ने प्रतिवद्धता जनाएका छन् । उनले प्रदेश सरकारले ल्याएको निजामति कर्मचारी ऐन संघीय ऐन भन्दा अग्रगामी रहेको दावी गर्दै ऐनमा कुनै कुरा छुटन गएको भए कर्मचारीहरूकै सल्लाहमा थप घट गरिने प्रतिवद्धता समेत व्यक्त गरे । संघीय सरकारले समयमा ऐनकानूनहरू नल्याएका कारण प्रदेश सरकारलाई काम गर्न कठिनाई भई रहेको अवगत गराउँदै मुख्यमन्त्री राउतले समस्याका बाबजुद पनि प्रदेशलाई अग्रगामी दिसामा अगाडी बढाउन प्रतिबद्ध रहेको उल्लेख गरे ।


**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

o कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
o अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
o खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
o कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
o जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
o सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
o ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
o कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**लालकिशोर साह**

**नगरप्रमुख**

**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २**



**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

o कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
o अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
o खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
o कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
o जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
o सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
o ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
o कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**हरिप्रसाद मण्डल**

**नगरप्रमुख**

**मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २**

## विश्व परिवेश

# भारतका राष्ट्रपतिको मुटुको शल्यक्रिया



नयाँ दिल्ली । भारतीय राष्ट्रपति रामनाथ कोविन्दको मुटुको 'बाईपास सर्जरी' सफलतापूर्वक सम्पन्न भएको छ ।

उनको उपचार भइरहेको दिल्लीस्थित 'अल इन्डिया मेडिकल साइन्सेस ( एम्स)' ले यसबारे जानकारी गराएको हो ।

'भारतका राष्ट्रपति रामनाथ कोविन्दले एम्समा मुटुको 'बाइपास' शल्यक्रिया सफलतापूर्वक गराइसकेका छन् । चिकित्सकहरूको टोलीलाई सफल शल्यक्रियाका लागि बधाई छ, संघीय रक्षामन्त्री राजनाथ सिंह राष्ट्रपतिको उपचारबारे सामाजिक सञ्जालमार्फत् सार्वजनिक सन्देशमा पुष्टि गरेका छन् ।

गत हप्ता, राष्ट्रपतिलाई छातीमा समस्या आएको बताएपछि नयाँ दिल्ली मा नै रहेको भारतीय सेनाको अनुसन्धान र रेफरल अस्पतालमा भर्ना गरिएको थियो ।

पछि उनलाई उपचारका लागि एम्समा सारिएको थियो ।

चिकित्सकहरूले राष्ट्रपतिको बाइपास प्रक्रियाबाट शल्यक्रिया गर्न दिएको सल्लाह बमोजिम उनको मुटुको शल्यक्रिया भएको हो ।

उपचारमा सम्लग्न भनिएका एक चिकित्सकले नाम उल्लेख नगरिकन राष्ट्रपति काविन्दको मुटुको सफल शल्यक्रिया भइसकेको र उनको अवस्था स्थिर रहेको र क्रमशः सुधार हुँदै जाने विश्वास गरिएको चिनियाँ समाचार संस्था सिन्ह्वासँग बताए ।

## भारतले बंगलादेशलाई दियो १२ लाख डोज कोरोना खोप र १०९ एम्बुलेन्स



काठमाडौं । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले बंगलादेश भ्रमणका क्रममा बंगलादेशी प्रधानमन्त्री शेख हसिनालाई १२ लाख डोज कोरोना भाइरस विरूद्धको खोप उपहारमा दिएका छन् । उक्त क्रममा उनले १०९ एम्बुलेन्सको चाबी पनि हसिनालाई दिएका दिएका छन् । मोदीले भारत सरकारले ओरकान्डीमा छात्राहरूका लागि प्राथमिक विद्यालय पनि खोलिदिने बताएका छन् । त्यहाँ निम्न माध्यमिक तहको विद्यालयलाई सुधार गर्नेसमेत जनाइएको छ । ओरकान्डीमा मतुआ समाजका मानिसहरू रहने गर्छन् । उनको बंगलादेश यात्राका क्रममा हिंसा भड्किँदा केहीको ज्यानसमेत गएको छ ।

हसिनाले पनि मोदीलाई सुन र चाँदीका एक एक सिक्का उपहारमा दिएकी छिन् । उनले बंगबन्धु शेख मुजिबुर रहमानको जन्म शताब्दी पूरा भएको अवसर तथा बंगलादेश स्थापनाको ५० वर्ष पूरा भएको अवसरमा उपहार दिएकी हुन् ।

मोदीले सन् २०२२ मा भारत-बंगलादेश कुटनीतिक सम्बन्धको ५० वर्ष पुगेको अवसरमा समेत शेख हसिनालाई भारत आउन निम्तो दिएका छन् । दुवैले हरेक वर्ष ६ डिसेम्बरमा बंगलादेशको स्वतन्त्रता दिवसलाई 'मैत्री दिवस' का रूपमा मनाउने संकल्प गरेका छन् ।

## विभिन्न संघसंस्थाहरुद्वारा चीन दमन विरुद्ध क्यानडामा प्रदर्शन

क्यानडा । चीनले हङकङ, तिब्बत, सिन्जियाङमा दमन गरेको भन्दै भ्यानकुभरमा विरोध प्रदर्शन गरेका छन् विभिन्न सङ्घसंस्था हरूसँग आबद्ध रहेकाहरूले भ्यानकुभर स्थित चिनियाँ वाणिज्य दूतावासबाहिर विरोध प्रदर्शन गरेका हुन्।

प्रदर्शनकारी हरूले चीन विरोधी नारा लगाएका थिए । क्यानडास्थित दक्षिण एसियाका आप्रवासीहरू पनि उनीहरूको विरोधमा थिए ।

प्रदर्शनकारीहरूले हङकङका लागि कम्युनिस्ट चीनको असंवैधानिक राष्ट्रिय सुरक्षा कानुन र बेइजिङ लाइड, पीपल डाइड र सर्वसत्तावादलाई नकार्नुहोस् लेखिएका प्लेकार्डहरू प्रदर्शन गरेका थिए ।

प्रदर्शनकारीहरूले फ्री हङकङ, फ्री उइगर्स' लगायतको प्लेकार्डहरू पनि बोकेका थिए ।

## धनुषामा दलित बालिका अपहरण, आरोपी परिवारद्वारा पिडित परिवार कुटिए

जनकपुरधाम । धनुषाको क्षीरेश्वरनाथ नगरपालिका वडा नं. ४ बस्ने श्याम रविदासको १९ वर्षीया छोरी बेपत्ता पारिएको छ । स्थानीय नथुनी मिया कवाडीको छोरा मोहम्मद कलम हुसैन राइन आफू विवाहित भएको बाबजुद १९ वर्षीय बालिकालाई बारम्बार प्रेम प्रस्ताव गर्दै आइरहेको थियो । प्रेम प्रस्ताव अस्वीकार गरेको निहुँमा मोहम्मद कलम हुसैन राइनले नै अपहरण गरेको हुन् सक्ने हाल उनी गायब रहनुले बुझिन्छ, पीडित परिवारको भनाई छ । बालिका चैत्र ९ गते सोमबार देखि बेपत्ता रहेको पिडित परिवारले बताएको छ ।

बिहीबार राति आरोपी मोहम्मद कलम हुसैन राईनका भाईसहितको समूहले पीडित परिवारका सदस्य उपर हातपात समेत गरेको छ ।

पीडित परिवार दलित गरिब एवं कमजोर भएकै कारण बारम्बार उनी माथि राजनीतिक संरक्षणको आडमा आरोपी मो. कलम हुसैन राईनका परिवारले आक्रमण गर्दै आएको छ । यथाशीघ्र बालिकालाई खोजतलाश गरी घटनामा संलग्न अपराधीलाई कडा भन्दा कडा कारवाही गर्न प्रशासन समक्ष पीडित परिवारले अनुरोध गरेको छ ।

बहुसंख्यक हिन्दूहरूको देशमा समेत हिन्दू समुदाय नै असुरक्षित हुनु अत्यन्तै दुखद विषय हो । गलत मनसायले सक्रिय एक विशेष समुदायको क्रियाकलापले समग्र हिन्दू समुदाय आजित एवं त्रसित रहेको पछिल्लो घटनाक्रमहरूले देखाएको छ,। केही महिना पूर्व काठमाडौंको सीतापाइलामा बस्ने 'ओखलढुंगा स्थायी ठेगाना भएकी २२ वर्षीया पवित्रा कार्कीले प्रेम प्रस्ताव अस्वीकार गरेको निहुँमा रौतहट लक्ष्मीपुर-४ घर भई काठमाडौंको डल्लु बस्ने ४७ वर्षीय विवाहित मोहम्मद आलमले एसिड प्रहार गरेको थियो ।

हिन्दू समुदाय विरूद्ध सक्रिय लव जिहादी आतंकवादी मनोवृतिका झुण्डलाई प्रशासनले समय मै तह लगाएन भने समग्र देश कै लागि घातक हुने निश्चित छ ।

जाति, धर्म, वर्ण र लिङ्गका आधारमा विवाद नगरौं, एकअर्कासँग मिलेर अघि बढौं ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

## राष्ट्रपतिद्वारा भारतीय राष्ट्रपतिको स्वास्थ्य लाभको कामना

काठमाडौँ । राष्ट्रपति विद्यादेवी भण्डारीले भारतीय राष्ट्रपति रामनाथ कोविन्दको स्वास्थ्य लाभको कामना गरेकी छिन् । राष्ट्रपति भण्डारीले सामाजिक सञ्जाल ट्वीटरमार्फत आफ्ना समकक्षीको स्वास्थ्य लाभको कामना गरेकी हुन् । भारतीय राष्ट्रपति कोविन्दको मुटुको सफल शल्यक्रिया गरिएको छ । शल्यक्रिया सम्पन्न भएकामा खुशी व्यक्त गर्दै राष्ट्रपतिले शीघ्र स्वास्थ्य लाभको कामना गरेकी हुन् ।

## रजनीकान्तलाई दादा साहेब फाल्के पुरस्कार

काठमाडौं । भारतीय अभिनेता रजनीकान्तलाई दादा साहेब फाल्के पुरस्कारबाट सम्मानित गरिने भएको छ । भारतका सूचना तथा प्रशारण मन्त्री प्रकाश जावडेकरले ट्वीट गरेर सन् २०१९ को दादा साहेब फाल्के अवार्ड प्रदान गर्ने निर्णय भएको जानकारी दिएका हुन् । भारतीय चलचित्र क्षेत्रमा गरेको योगदानका लागि दिइने सबैभन्दा सर्वोच्च सम्मानका रूपमा दादा साहेब फाल्के पुरस्कारलाई लिइन्छ । आशा भोसले, सुभाष घई, मोहनलाल, शंकर महादेव र विश्वजीन चटर्जी रहेको जुरीले सर्वसम्मत रूपमा दक्षिण भारतीय अभिनेता रजनीकान्तलाई पुरस्कार प्रदान गर्ने निर्णय गरेको हो । पुरस्कार आउँदो मे ३ मा प्रदान गरिने छ ।

## जिल्ला समाचार

### बम विस्फोटमा संलग्न दुईजना पक्राउ

जनकपुरधाम । सिरहाको लहानस्थित मालपोत कार्यालयमा बम विस्फोटमा संलग्न रहेको आरोपमा प्रहरीले दुईजनालाई पक्राउ गरेको छ । प्रदेश प्रहरी कार्यालय जनकपुरधामको विशेष टोलीले उनीहरूलाई पक्राउ गरेको हो । गएको चैत १ गते मालपोत कार्यालय लहानमा बम विस्फोट भएको थियो । बम विस्फोटमा संलग्न रहेको आरोपमा मुख्य योजनाकार भनिएका सुखिपुर नगरपालिका ५ का २५ वर्षीय रामरिझन यादव र लक्ष्मीपुरपत्तार गाउँपालिका ३ का २६ वर्षीय अभिमन्यु गिरीलाई पक्राउ गरिएको प्रदेश २ प्रहरी प्रमुख डीआईजी धिरजप्रताप सिंहले जानकारी दिए । उनका अनुसार पक्राउ परेका दुबैजनाले विस्फोट आफूहरूले गराएको स्वीकार गरिसकेका छन् । प्रहरीले मोलपोत कार्यालयमा जडित सीसी क्यामेराको भिडियोमार्फत विस्फोटमा संलग्नहरूको पहिचान गर्न सफल भएको उनले बताए ।

### प्रतिबन्धित औषधिसहित पाँचजना पक्राउ

विराटनगर । प्रतिबन्धित औषधिको कारोबारमा संलग्न रहेको आरोपमा पाँचजनालाई प्रहरीले मोरङका विभिन्न स्थानबाट पक्राउ गरेको छ । मोरङको मिक्लाजुङ गाउँपालिका वडा नम्बर-७, मधुमल्ला बजारमा इलाका प्रहरी कार्यालय मधुमल्लाबाट खटिएको प्रहरी टोलीले चेकजाँच गर्नेक्रममा उनीहरूलाई पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय मोरङका अनुसार पक्राउ पर्नेमा मिक्लाजुङ-७ बस्ने २२ वर्षीय लक्ष्मण भनिने करण लिम्बु र २७ वर्षीय सन्चामान सुब्बा छन् । यसैगरी, उर्लाबारी नगरपालिका वडा नम्बर-४, आइतबारे बजारमा इलाका प्रहरी कार्यालय उर्लाबारीबाट खटिएको प्रहरी टोलीले उर्लाबारी-४ बस्ने २७ वर्षीय युवराज कटुवाल, २२ वर्षीय कमल दाहाल र १९ वर्षीय रन्जीत चौधरीलाई पक्राउ गरेको छ। उनीहरूको साथबाट प्रतिबन्धित औषधि बरामद गरेको प्रहरीले जनाएको छ ।

### बालाजी ग्लासलाई जरिवाना

वीरगञ्ज । सिसा आयात गर्दा कर छल्ने प्रयास गरेको भन्दै बालाजी ग्लास प्रालिलाई वीरगञ्ज सुक्खा बन्दरगाह भन्सार कार्यालयले पाँच सय प्रतिशत जरिवाना गरेको छ । कम्पनीले आयात गरेको सिसाको आकार र परिणाम भन्सार घोषणा गरिए भन्दा फरक परेपछि आयातकर्तालाई दुई करोड ३९ लाख २० हजार रूपैयाँ भन्दा धेरै जरिवाना गरिएको सो कार्यालयले जनाएको छ । बालाजी ग्यासलाई पहिलो चरणको जरिवाना गरिएको र उसले यसअघि कर छली गरे नगरेको बारे थप अनुसन्धान प्रक्रियामा रहेको भन्सार प्रमुख डा. लालबहादुर खत्रीले बताए । 'कम्पनीले आयात गरेको सिसाको भन्सारमा घोषणा गरेको वस्तुको लागत र परिमाण तथा वस्तुको प्रकारमा फरक देखियो, थप अनुसन्धान हुँदैछ,' उनले भने । आयातकर्ताले कर छली गर्ने उदेश्यका साथ सिसाको मोटाइ ढाँटेकोमा दुई सय प्रतिशत र सिसाको आयात नै फरक जोनमार्फत गरेको अभियोगमा थप तीन सय प्रतिशत गरी पाँच सय प्रतिशत जरिवाना गरिएको भन्सार कार्यालयले जनाएको छ । आयातकर्तामाथि थप अनुसन्धान भइरहेकाले विस्तृत विवरण भने खुलाउन नमिल्ने भन्सार खत्रीको भनाइ छ । बालाजीले पाँच एमएमको सिसा आयात गरेर भन्सारमा भने चार एमएमको घोषणा गरेको पाइएको भन्सार कार्यालयका सूचना अधिकारी चुडामणि कट्टेलले बताए । बालाजीले घोषणा गरेभन्दा ५३५ स्क्वायर मिटर बढी सिसा भन्सार गणकले फेला परेको पनि उनको भनाइ छ । सिसाको एमएम घटाएर भन्सार छलीगर्न खोजेको आरोपमा ९२ लाख ९६ हजार र घोषणा गरिएको भन्दा बढी परिमाणमा सामान ल्याएको कसुरमा भन्सार ऐन अन्तर्गत एक करोड ४६ लाख २४ हजार रूपैयाँ जरिवाना गरिएको कट्टेलले जानकारी दिए ।

### शुभकामना आदान-प्रदान तथा सम्मान

बिराटनगर । नेपाल बड्ही समाज जिल्ला कार्यसमिति, मोरंगले होली पर्व तथा नयाँ वर्ष २०७६८ सालको शुभअवसरमा शुभकामना आदान-प्रदान तथा सम्मान कार्यक्रम सम्पन्न गरेको छ । उक्त कार्यक्रमको प्रमुख अतिथी बिराटनगर महानगर पालिकाका मेयर भीम पराजुलीले समुद्घाटन गर्नु हुँदै बड्ही जातीको उत्थानका लागि बिराटनगर महानगरपालिका सहयोग गर्न तयार रहेको भन्दै बड्ही जातिको यूवाहरूलाई के कस्ता सीपहरू विकासका तालिमहरू दिनु पर्ने वा कुन तालिममा सहभागी गिराउनु पर्ने विराटनगर महानगर पालिकालाई जानकारी गराउन आग्रह गर्दै त्यसको लागि जस्तो सुकै सहयोग तयार रहेको वताए । बड्ही जाति आफैमै स्वरोजगार भएपनि शिक्षाको अभाव देखिएकोले जातिको उत्थान र विकास गर्नै शिक्षामा ध्यान दिनुपर्ने, बढई जाति एक ढिक्का हुनु पर्ने, बढई जाति पनि समाजिक रूप रूपान्तर हुँदै जानु पर्ने सुझाव दिर्दै कार्यक्रमको सफलताको कामना गरेका थिए । पराजुलीसंग सम्पूर्ण बड्ही समाजले रंग अविर लगाएर एक अर्काका बीच शुभकामना साट्टा-साट गरेका थिए । सोही अवसरका केन्द्रि सचिव अशोक शर्माले बड्ही जातिको लागि हुँदै आएको र भविष्यमा गर्ने योजनाहरूको बारेमा जानकारी गराएका थिए । सोही अवसरमा बड्ही जातिका जेष्ठ नागरिक शान्ति देवी शर्मा उर्लावारी नगरपपालिका, भोला शर्मा धनपालथान गाउँपालिका, मिठु शमा, बुद्धन शर्मा, ललिता शर्मा विराटनगर महानगर पालिका र लक्ष्मण शर्मा कटहरी कटहरी गाउँपालिका गरी ६ जनालाई सम्मान गरेका थिए । त्यसैगरी योगदान सम्मान सुनवर्सी नगरपालिका महेन्द्र शर्मा र मरनोपरान्त रंगेली नगरपालिका राम विलास शर्माको सम्मान वहांको छारी दिव्या शर्मालाई हस्तान्तरण गरेका थिए । सो कार्यक्रमको सभापतित्व नेपाल बड्ही समाज मोरंगको अध्यक्ष सञ्जय शर्माले गरेका थिए भने कार्यक्रमको संयोजक विजय शर्माले गरेका थिए ।

### मोटरसाईकल चोरी गर्ने दुई जना पक्राउ

पर्सा । वीरगञ्ज महानगपालिका-१६ मितेरी पुलस्थित सडकबाट मोटरसाईकल चोरीमा संलग्न रहेको अभियोगमा २ जनालाई आइतबार दिउँसो मोटरसाईकल सहित प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने २१ वर्षीय राज कपूर महतो र भारत बिहार पूर्वी चम्पारण रक्सौल बस्ने ३३ वर्षीय बिनोद यादव रहेका छन् । वीरगञ्ज महानगपालिका-२ बस्ने नसिम सयानीको आफ्नै घर अगाडि पार्किङ गरिएको ना.५५ प ६४६८ नम्बरको मोटरसाइकल चोरी भएकोमा जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त मोटरसाइकलको नम्बर प्लेट परिवर्तन गरी भारतीय नम्बर प्लेट लगाई चलाइरहेको अवस्थामा फेला पारी पक्राउ गरेको हो । उनीउपर चोरी सम्बन्धी कसूर मुद्दामा अनुसन्धान प्रकृया अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

### लागूऔषधसहित चन्द पक्राउ

बाँके । नेपालगंज उपमहानगरपालिका-१५ जमुनाह गाउँबाट करिब १४ ग्राम अवैध लागूऔषध ब्राउनसुगर र ५२ हजार १ सय रूपैयाँ सहित दैलेख नौमुले गाउँपालिका-८ चौराठा बस्ने २८ बर्षीय दिपक चन्दलाई शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय जमुनाहबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषध तथा नगद सहित फेला पारी पक्राउ गरेको हो ।

### आगलागीबाट दुई घर जले

रौतहट । बौधीमाई नगरपालिका-९ सरमुजुवा वस्ने जोखु बैठाको घरमा घुरवाट आगलागी भई आगो फेलिएर सोही ठाउँ बस्ने बद्री यादवको घरमा समेत आगलागी हुँदा दुबै जनाको घर पूर्णरूपमा जलेर करिब ३ लाख रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ । भोजपुर, हतुवागढी गाउँपालिका-८ स्थित खाङचीम्मा राष्ट्रिय बनमा बिहीबार दिउँसो आगलागी भई सामुदायिक वन नजिकै रहेको खुकैला तल्लो टोल गाउँमा रहेको शान्ता कुमारी राई समेत ४ जनाको ५ वटा घर पूर्णरूपमा जलेर नष्ट भएको छ । प्रहरी, स्थानीयबासी र दमकलको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### अमेरिकन पेस्तोलसहित दुई जना पक्राउ

काठमाडौ । एपीएफ टोलीले काठमाडौंको गहना पोखरी ईलाकाबाट शनिबार दिउँसो मेडईन यूएसए लेखिएको ९ मिमि पेस्तोल एक थानसहित दुई जनालाई पक्राउ गरेको छ । त्यसवेला सोको पाँच वटा गोली म्याग्जिनमा लोडेड रहेको अवस्थामा बरामद गरिएको हो । पक्राउ पर्नेहरूमा काभ्रे जिल्लाको रोशी गाउँपालिका ३ शिखर अम्बोटे घर भई काठमाडौंको जडिबुटि बस्ने कोटे लामा र सोही जिल्लाको नवबुद्ध नगरपालिका ११ घर भई जडिबुटि बस्ने अनन्त तामाङ्ग छन् । पक्राउ परेका कोटे लामा २०७४ सालदेखि फरार अभियुक्त रहेको कुरा खुल्न आएको छ । एपीएफ ईन्टेलिजेन्स व्यूरोको विशेष सुचनाको आधारमा खटिएको एपीएफ टोलीले पक्राउ परेका दुवै जनालाई बरामद थान एक पेस्तोल, सोको थान एक म्याग्जिन, सोको पाँच वटा गोली तथा दुई थान मोवाईल सेट र कागजात सहित आवश्यक अनुसन्धान तथा कारवाहीको लागि पक्राउ परेको ठाउँबाटै महानगरीय प्रहरी बिट मालिगाउँबाट खटिई आएका प्रहरी नायव उपरीक्षक खुमलाल भुषालको टोलीलाई बुझाएको छ ।

### दिल्लीको नेपाली दूतावासमा मनाइयो होली

काठमाडौं । भारतको राजधानी

# चितवन खैरैनीमा भारतद्वारा विद्यालयको नयाँ भवन निर्माण



काठमाडौं । भारत सरकारको ने.रू १८.६६ मिलियन आर्थिक सहयोगमा निर्मित श्री राष्ट्रिय प्राथमिक विद्यालय, सुल्ताना ( पुनःनामाकरण आधारभुत विद्यालय सुल्ताना) खैरेनी गा.वि.स-०५, चितवनको नयाँ विद्यालय भवन नितेश कुमार, महावाणिज्यदूत, भारतको महावाणिज्य दूतावास, बीरगंज र मेनेजर चौधरी, वडा अध्यक्ष, वडा नं ०७, खैरहनी नगरपालिका, चितवनद्वारा संयुक्तरूपमा उद्घाटन गरिएको छ ।

उक्त उद्घाटन समारोहमा भारत र नेपालका व्यक्तित्वलगायत विघालय व्यवस्थापन समिति, स्थानीय राजनीतिज्ञ र समुदायका नेताहरू पनि उपस्थित थिए ।

भारत सरकारको "नेपाल-भारत विकास सहकार्य" अन्तरगत अनुदान १२ कक्षा कोठा र सरसफाई सुविधा भएको दूई तल्ले विघालय भवन निमार्णमा उपयोग गरिएको जनाइएको हो ।

उक्त परियोजना भारत सरकार र नेपाल सरकार बिचको समझौताअन्तर्गत एक उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रूपमा लिइएको थियो ।

श्री राष्ट्रिय प्राथमिक विद्यालयको स्थापना सन् १९७३ मा सुल्ताना, चितवनमा भएको थियो । यदि्प, सन् २००४ को बाढीमा विघालय पूर्णरूपले ध्वस्त भएको थियो ।

भारत सरकारको विद्यालयलाई गरिएको आर्थिक सहयोग समुदायका विद्यार्थीहरूको लाभ र उनीहरूको शैक्षिक अनुभव वृद्धि गर्नेतिर लक्षित छ । विद्यालय भवन विघालयको जरूरतलाई ध्यानमा राखी निमार्ण गरिएको छ ।

यस परियोजनाले नेपाल र भारत बिचको विकास साझेदारीलाई प्रतिविम्वित गर्नुका साथै शिक्षा क्षेत्रमा पुर्वाधार अभिवृद्धि गर्न नेपाल सरकारले गरेको प्रयासलाई थप बल पुऱ्याएको काठमाडौंस्थित भारतीय दूतावासले जनाएको छ ।

# शिवपुरी राष्ट्रिय निकुञ्जमा अल–वुमन हाइक आयोजना



काठमाडौं । काठमाडौंस्थित भारतीय राजदूतावासले शिवपुरी राष्ट्रिय निकुञ्जमा अल-वुमन हाइकको आयोजना गरेको थियो । 'महिला तथा बालबालिका बेचविखन, ओसारपोसार तथा सबै किसिमका हिंसामुक्त समाज भन्ने नाराका साथ उक्त कार्यक्रमको आयोजना गरिएको हो । भारतको ७५औं स्वतन्त्रता वार्षिकोत्सवको अवसरमा चलिरहेको 'आजादीका अमृत महोत्सव' अन्तर्गत सो पैदलयात्राको आयोजना गरिएको हो । नेपालका लागि भारतीय राजदूत विनयमोहन क्वात्राकी धर्मपत्नी पुजा क्वात्रा सो कार्यक्रमको विशेष अतिथिका रूपमा थिइन् । उक्त पैदलयात्रामा विभिन्न क्षेत्रका प्रबुद्ध नेपाली महिलाहरूको समेत उपस्थिति थियो ।

पद्मश्री अवार्डबाट सम्मानित अनुराधा कोईरालाले स्थापना गरेको गैरसरकारी संस्था माईती नेपालसँगको सहकार्यमा दूतावासले सो कार्यक्रमको आयोजना गरेको हो ।

बेचबिखनमा परेका पीडित महिलाहरूको उद्धार, पुनःस्थापना तथा आत्मनिर्भरतामा अतुलनीय योगदान पुऱ्याउँदै आएको माइती नेपाल एक प्रतिष्ठित संस्थाको रूपमा परिचित छ । क्वात्राले माइती नेपालमा आश्रय लिइरहेका विश्वविद्यालय तहमा अध्ययनरत ५ र विद्यालय तहमा अध्ययनरत १० जना विद्यार्थीहरू वा उनीहरूका नजिकका आफन्तजनका लागि भारत सरकारले प्रायोजन गरेको १५ वटा छात्रवृत्ति प्रदान गरेकी थिइन् । 'आजादीका अमृत महोत्सव' भारत सरकारले अघि सरेको पहल हो । सो महोत्सवमार्फत प्रगतिशील भारतको ७५ वर्ष र भारतका जनता, संस्कृति र उपलब्धिहरूको गौरवशाली इतिहासलाई स्मरण गर्दै यसलाई उत्सवका रूपमा मनाइने छ ।

भारतले सन् २०२२ अगस्त १५ मा स्वतन्त्रताको ७५औं वार्षिकोत्सव मनाउँदै छ । यस ऐतिहासिक तथा महत्वपूर्ण दिनमा भारत सरकारले 'आजादीका अमृत महोत्सव' अन्तर्गत श्रृंखला बद्ध कार्यक्रमको आयोजना गरेको छ । सो महोत्सव मार्च महिनादेखि आगामी १५ अगस्ट २०२२ सम्म ७५ हप्तासम्म जारी रहने छ । उक्त महोत्सवको समापन आगामी १५ अगस्त २०२३ मा हुनेछ ।

## आर्थिक समाचार

### लहानमा सिटिजन्स बैंकको शाखा

काठमाडौं । सिटिजन्स बैंक इन्टरनेशनलले सिराहाको लहानमा नयाँ शाखा संचालन गरेको छ । बैंकले लहान शाखाबाट आधुनिक बैंकिङ सुविधा उपलब्ध गराउने जनाएको छ । बैंकले यस शाखामार्फत साना तथा लघु व्यवसायीमाझ वित्तीय पहुँच पुऱ्याउने लक्ष्य राखेको छ । कार्यक्रममा स्थानीय निकायका प्रतिनिधि, उद्योगी, व्यापारी, विभिन्न संघ-संस्थाका प्रमुख तथा नागरिक समाजका अगुवा उपस्थित थिए । हाल बैंकले १६७ शाखा, ११८ एटीएम र १०७ वटा शाखारहित इकाइबाट बैंकिङ सेवा दिँदै आएको छ ।

### ग्लोबल आइएमई बैंकका नयाँ तीन शाखा सञ्चालनमा

काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेडले शुक्रबारदेखि तीनवटा नयाँ शाखा सञ्चालनमा ल्याएको छ । बैंकले नवलपरासी जिल्लाको रामग्राम नगरपालिका-३, परासी, मोरङ जिल्लाको विराटनगर महानगरपालिका-४, कन्चनबारी र झापा जिल्लाको भद्रपुर नगरपालिका-५, भद्रपुरमा नयाँ शाखा सञ्चालनमा ल्याएको छ । तीनवटा नयाँ शाखा सञ्चालनमा आएसँगै बैंकको शाखा कार्यालयहरूको संख्या २७३ पुगेको छ । ग्लोबल आइएमई बैंकले सबै क्षेत्र र वर्गसम्म बैंकिङ्ग सेवाको पहुँच पुऱ्याउने उद्देश्यले देशका ७६ जिल्लामा फैलिएको २७३ शाखा सञ्जालसहित २४२ एटिएम, ४७ एक्सटेन्सन काउण्टर तथा राजश्व संकलन काउण्टर, २५७ शाखारहित बैंकिङ्ग सेवा र ३ अन्तर्राष्ट्रिय प्रतिनिधि/सर्म्पक कार्यालय मार्फत आफ्ना २२ लाखभन्दा बढी ग्राहकहरूमाझ सेवा प्रदान गर्दै आइरहेको बैंकले जनाएको छ ।

# डिपिआर समझदारीको तयारी

काठमाडौं । प्रस्तावित काठमाडौं-रक्सौल रेलमार्ग ब्रोडगेजको हुने भएको छ । रेलमार्गको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार गर्न नेपाल र भारतबीच समझदारी हुने भएको छ । विस्तृत अध्ययनको काम अघि बढाउन समझदारीपत्र (एमओयू)मा हस्ताक्षर गर्न दुवै देशका अधिकारीबीच औपचारिक मिति तय गर्ने तयारी भइरहेको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका प्रवक्ता दीपककुमार भट्टराईले जानकारी दिए । समझदारीपत्रमा हस्ताक्षरपछि भारतीय पक्षले डिपिआर अध्ययनको थालनी गर्नेछ । हालसम्म समझदारी नहुँदा अध्ययन थाल्न कठिनाइ भएको भन्दै भारतीय पक्षले चाँडो वातावरण तयार गर्न नेपाल सरकारलाई आग्रह गर्दै आइरहेको छ । यसअघि २५ फागुनमा बसेको मन्त्रिपरिषद् बैठकले समझदारीपत्रलाई स्वीकृत गरी हस्ताक्षर गर्न रेल विभागका महानिर्देशकलाई अख्तियारी दिने निर्णय गरिसकेको छ । यस निर्णयसँगै दुई देशका अधिकारीबीच हस्ताक्षर गर्ने बाटो खुलेको हो । भारतीय पक्षले आफ्नो सबै रेल प्रणाली ब्रोडगेजको भएकाले काठमाडौं जोड्ने अन्तरदेशीय रेलमार्गलाई पनि सोही प्रणालीको निर्माण गर्ने अडान राखेको थियो । त्यसअघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले समेत नेपाली उच्च अधिकारीसमक्ष ब्रोडगेजमा बनाउने भनिसकेकाले त्यसलाई नै सदर गर्न नेपाली पक्षलाई मनाएको हो । भारतीय पक्षले ब्रोडगेजमा नै आफ्नो विशिष्टता रहेको भन्दै अघि बढाउनुपर्ने अडान राखेको थियो । दुई देशका अधिकारीहरूबीच भर्चुअल माध्यममार्फत भएको छलफलमा स्ट्यान्डर्ड गेज राख्न नेपाली पक्षले जोड दिएको थियो । अन्तिममा ब्रोडगेजमा नै रेलमार्ग निर्माण गर्ने समझदारी भएको हो ।

# नेपाल, भारत र बंगलादेशबीच छिटो मोटर सञ्चालन गर्ने सहमति

काठमाडौं । भारतीय प्रधानमन्त्री नरेन्द्रको मोदीको बंगलादेश भ्रमणमा नेपाल, भारत र बंगलादेशबीचको बीबीआईएन मोटर सम्झौतालाई सकेसम्म छिटो कार्यान्वयनमा ल्याउने सहमति भएको छ ।

मोदीको भ्रमणपछि जारी गरिएको संयुक्त प्रेस विज्ञप्तिमा तीन देशबीचमा मोटर सेवा सञ्चालनका लागि आवश्यक समझदारी पत्रलाई छिटो टुंगोमा पुऱ्याउने सहमति भएको हो ।

भुटानसहित चार मुलुकबीच सन् २०१५ मा दक्षिण एसियाली सहयोग संगठन (सार्क) उपक्षेत्रीय सहकार्य अन्तर्गत बीबीआईएन सम्झौता भएको थियो । तर, भुटानले सो सम्झौतालाई त्यहाँको संसदबाट अनुमोदन गराउन नसकेका कारण चार देशबीचमा मोटर सेवा सञ्चालनका लागि ढिलाइ भएको छ ।

सम्झौतामा भुटान तत्काल सहभागी नहुने भएपछि नेपाल, बंगलादेश र भारतबीचमा सकेसम्म सो सम्झौता कार्यान्वयन गर्ने विषयमा कुराकानी भइरहेको छ ।

बस सञ्चालनका लागि आवश्यक पर्ने विस्तृत प्रावधानको लागि समझदारी पत्रमा हस्ताक्षर गर्नुपर्ने हुन्छ । जसको मस्यौदा तयार भइसकेको छ, र भुटानविना नै यसमा हस्ताक्षर गर्ने तयारी भइरहेको छ ।

मोदी र बंगलादेशकी प्रधानमन्त्री सेख हसिनाबीच यसलाई सकेसम्म छिटो टुंगोमा पुऱ्याउने सहमति भएको छ । यसअघि नै नेपाल, भारत र बंगलादेशबीचमा एक परीक्षण मोटर सञ्चालन भइसकेको छ ।

दुई नेताको बीचमा सार्क र बिमस्टेकलाई अगाडि बढाउने विषयमा समेत सहमति भएको छ । विगत ६ वर्षदेखि सार्कको शिखर सम्मेलन हुन सकेको छैन । तर, शिखर सम्मेलन गर्ने विषयमा भने संयुक्त वक्तव्य मौन रहेको छ । अर्को क्षेत्रीय संगठन विमस्टेकलाई अझ प्रभावकारी बनाउने विषयमा दुई नेताबीच सहमति भएको छ । भारतले पछिल्लो समयमा सार्कलाई भन्दा बीबीआईएन र बिमस्टेकलाई बढी जोड दिइरहेको छ ।

मोदी र हसिनाबीच नेपाल र भुटानसँग ऊर्जा क्षेत्रमा उपक्षेत्रीय सहकार्य गर्ने सहमति समेत भएको छ । भारतले सीमापार उर्जा व्यापारका लागि आवश्यक नियामक निकाय र निर्देशिकालाई सकेसम्म छिटो अन्तिम रूप दिने सहमतिसमेत भएको छ ।

पछिल्लो समयमा भारतले नेपाली बिजुली बंगलादेशलाई बेच्नको लागि पारवहन सुविधा दिन तयार रहेको बताएको छ । केही दिन अगाडि भारतीय विदेश सचिव हर्षवर्द्धन श्रींगलाले भारतले यस क्षेत्रमा उर्जा हब निर्माण गर्न थालेको बताएका थिए । उर्जा सहकार्यका लागि भारत र बंगलादेशको बीचमा सिमापार प्रसारण लाइनका विभिन्न योजनाहरू अगाडि बढिरहेका छन् ।

# माइती नेपालका १५ विद्यार्थीलाई भारत सरकारद्वारा छात्रवृत्ति

काठमाडौं । भारत सरकारले माइती नेपालमा आश्रय लिएका १५ विद्यार्थीलाई छात्रवृत्ति दिने घोषणा गरेको छ । विश्वविद्यालय तहमा अध्ययनरत ५ र विद्यालय तहमा अध्ययनरत १० विद्यार्थी वा उनीहरूका आफन्तजनका लागि भारत सरकारले प्रायोजन गरेका १५ वटा छात्रवृत्ति प्रदान गरिने काठमाडौंस्थित भारतीय दूतावासद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

भारतीय दूतावासले शिवपुरी राष्ट्रिय निकुञ्जमा 'अल वुमेन हाइक' को आयोजना गरेको थियो । 'महिला तथा बालबालिका बेचबिखन, ओसारपसार तथा सबै किसिमका हिंसामुक्त समाज' भन्ने नाराका साथ उक्त कार्यक्रमको आयोजना गरिएको हो ।

भारतको ७५औं स्वतन्त्रता दिवसका अवसरमा चलिरहेको 'आजादीका अमृत महोत्सव' अन्तर्गत उक्त पैदल यात्राको आयोजना गरिएको दूतावासले जनाएको छ ।

पैदल यात्रामा नेपालका लागि भारतीय राजदूत विनयमोहन क्वात्राकी श्रीमती पूजा क्वात्रासहित अन्य विभिन्न क्षेत्रमा संलग्न नेपाली महिलाहरूको उपस्थिति थियो । त्यस अवसरमा क्वात्राले माइती नेपालमा आश्रय लिइरहेका विद्यार्थीलाई भारत सरकारले दिने गरेको छात्रवृत्ति उपलब्ध गराउने बताएकी हुन् ।

## जसपाकै...

अहिलेसम्म फिर्ता लिएको छैन । समर्थन फिर्ता लिएमा प्रधानमन्त्री ओलीले विश्वासको मत लिनुपर्छ । एमालेभित्रको किचलो रहिरहेसम्म माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले अर्को कदम चाल्ने छैनन् भन्ने ओलीको आकलन छ । एमालेमा माधव नेपाल समूहको व्यवस्थापन भएपछि मात्रै माओवादी केन्द्रले कुनै कदम चाल्ने छ ।

सत्ता समीकरणको सम्भावना

अहिलेको राजनीतिक विकासक्रममा एमाले र जसपाबीच सत्ता समीकरणको सम्भावना प्रबल देखिएको छ । सरकारले जसपाका माग सम्बोधन गर्न थारू कल्याणकारी सभासँग वार्ता थालेको छ । जसपाको महन्थ ठाकुर पक्ष प्रधानमन्त्री केपी शर्मा ओलीप्रति सकारात्मक देखिएको छ ।

जसपाका अध्यक्ष ठाकुरले आफ्ना माग सम्बोधन गर्ने विषयमा सरकारले चालेका कदमप्रति तुलनात्मक रूपमा विश्वस्त रहेको बताए । 'प्रचण्डजीहरू आइज आइज भन्नुहुन्छ, केही गर्नुहुन्न, न कि पहिला पनि प्रचण्ड सबै माग पूरा गर्छु भन्नुहुन्थ्यो । तर सत्ता हुँदा पनि केही गर्नुभएन', अध्यक्ष ठाकुरले काठमाडौंमा मंगलबार आयोजित एक कार्यक्रममा भने, 'ओली त जति गर्न सक्छु गर्छु भन्नुहुन्छ । म उहाँलाई धन्यवाद दिन चाहन्छु ।' उनले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको कुरामा विश्वास गर्ने आधार नभएको बताए । ठाकुरको यो अभिव्यक्तिले पनि जसपा सरकारमा जान तयार रहेको देखिएको छ ।

## प्रदेश...

सरकारसँग बजेटका लागि पनि पहल गर्ने आश्वासन दिएका थिए । साथै, प्रदेश प्रमुख डा.अहिराजले राष्ट्रिय आविष्कार केन्द्रका सञ्चालक पुनलाई प्रदेश २ भ्रमणका लागि निम्तोसमेत दिएका थिए । यसैगरी, प्रदेश नं. २ का प्रमुख डा.राजेश अहिराजले आफ्नो पहिलो महिनाको तलबबाट जलनपीडित बालबालिकालाई सहयोग गरेका छन् । प्रदेश प्रमुखको पद ग्रहणपश्चात् पहिलो महिनाको पारिश्रमिकबाट उनले आर्थिक सहयोग गरेका हुन् । सिन्धुली जिल्लाकी जलनपीडित एक बालिकालाई रू.२० हजार र वीरगन्जका बालकलाई रू.१२ हजार नगद सहयोग गरेका छन् । डा.अहिराजले कीर्तिपुर अस्पतालमा उपचाररत् दुवै बालबालिकालाई सहयोग हस्तान्तरण गरेका छन् ।

## हुलाकी...

अवस्थित प्रमुख शहरहरूलाई भारत–नेपाल सीमासँग पनि जोड्दछन् । नेपालको प्रदेश नं१, २ र ५ का सात सीमावर्ती जिल्लामा अवस्थित यी सडकहरूले २८४ भन्दा बढी वडा, १४९ वटा गाउँ, १८ वटा गाउँपालिका, १८ वटा नगरपालिका, एक उप-महानगरपालिका र एक महानगरपालिकाका जनताहरूलाई जोड्न सघाउ पुऱ्याएको छ ।

नेपालको सडक विभागले निर्धारण गरेको मापदण्डअनुरूप यी दश सडकहरूको निर्माण गरिएको हो । प्रत्येक सडकमा सात मिटर कैरियजवे र सडकको दुवैतर्फ दुई मिटरको रोडशोल्डरको व्यवस्था गरिएको छ । यी सडकमा ढल, बसोबास क्षेत्रमा रेलिङ्गसहितको पदमार्ग, सडकचिन्ह र अन्य सडक फर्निचरको सुविधा पनि राखिएको छ । यस परियोजनाअन्तर्गत ६५२ भन्दा बढी कल्भर्ट र १११ किलोमिटरभन्दा बढी ड्रेनेज नेटवर्कको पनि निर्माण गरिएको छ । भारत सरकारको आर्थिक सहयोग र नेपाल सरकारको कार्यान्वयन मोडालिटि अनुरूप यो परियोजनाको कार्यान्वयन भएको छ । ठेक्का उद्देश्यका लागि यी १० सडकहरूलाई १४ वटा प्याकेजमा विभाजन गरिएको थियो । यी सडकहरूको निर्माण हेतु सन् २०१६ अक्टोबरदेखि सन् २०१७ नोभेम्बरसम्मको अवधिमा सडक विभागले १४ वटा ठेक्का हस्तान्तरण गरेको थियो । यी सडकहरूको निर्माणका लागि विशेष विवरणहरू सडक विभागले तयार पारेको विस्तृत परियोजना विवरणमा समावेश गरिएको छ । यस परियोजनाका लागि भारत सरकारको परामर्शदाताको रूपमा राष्ट्रिय राजमार्ग एवम् पूर्वाधार विकास निगम लिमिटेड ( NHIDCL) लाई चयन गरिएको थियो ।

भारत सरकारको आर्थिक सहयोगमा निर्माण सम्पन्न भएका तराई सडक परियोजनाले नेपालको तराई क्षेत्रको सडक पूर्वाधारलाई स्तरोन्नत गर्न ठूलो सहयोग पुऱ्याउनुका साथै दुई देशका जनताबीचको सम्बन्धलाई अझ प्रगाढ बनाएको छ । यी हुलाकी सडकले हालै भारतले नेपालमा निर्माण सम्पन्न गरेका र निर्माणाधीन अन्य प्रमुख सीमा पूर्वाधारहरू जस्तै वीरगञ्ज र विराटनगरमा अवस्थित एकीकृत चेकपोष्ट तथा अन्तरदेशीय रेलमार्गलाई पनि सहजता प्रदान गरेको छ । भारत सरकारको आर्थिक सहयोगमै भारतको जयनगरदेखि नेपालको कुर्थासम्म अन्तरदेशीय रेलमार्गको निर्माण सम्पन्न भइसकेको छ र यस परियोजनलाई सञ्चालनमा ल्याउने गरी नेपाल सरकारलाई हस्तान्तरण गर्न तयारी अवस्थामा छ । यस सम्बन्धमा दुवै पक्षले यात्रुवाहक रेललाई सञ्चालनमा ल्याउन अन्तिम तयारी गरिरहेको छ ।

१४ वटा प्याकेजमध्ये निर्माण सम्पन्न भई सम्बन्धित क्षेत्रका जनताले प्रयोग गरिरहेका १३ वटा प्याकेज भारतीय राजदूत र भौतिक पूर्वाधार र यातायातमन्त्रीले संयुक्त रूपमा समर्पित गरेका थिए । यी हालसालै निर्माण सम्पन्न भएका सडकले मानिसहरूको यात्रा तथा आवागमनलाई थप आरामदायी र सहज बनाएको छ ।





## मिथिला दर्शन

टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि

Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं